# सम्भ्रान्त-शिकञ्जाबाट रैती-रञ्जनासम्म : नेपालीहरूको सिनेमा हेराइको प्रारम्भिक अनुभव

**लोकरञ्जन पराजुली**

अन्यत्र विश्वमा सिनेमा बन्न-हेर्न थालेपछि अंग्रेजहरूले शासन गरेको भारतमा पनि लगत्तै सिनेमा छिर्‍यो । उन्नाइसौँ शताब्दीको अन्ततिर बम्बई र कलकत्तामा छिरेको व्यापारिक चलचित्रको प्रदर्शनीक्रम क्रमशः अन्य शहरमा समेत फैलियो । भारतीय भाषामा पनि व्यापारिक हिसाबले सिनेमा तयार गरिन लागे, र तिनको सार्वजनिक प्रदर्शन हुन थाल्यो (डिकी सन् १९९३; राजाध्यक्ष सन् १९९७; हचिन्सन् सन् २०१३) । भारतका ठूला शहरमा सिनेमा प्रवेश गरेपछि त्यहाँ बसिरहेका र यताबाट जाने नेपालीहरूले पनि त्यहाँका सिनेमा घरमा गएर सिनेमा हेरे ।[१]

भारतमा सिनेमाको सार्वजनिक प्रदर्शन हुन थालेको केही समयमा नै नेपालका शासक वर्गका (राणा) दरबारमा सिनेमा छिर्‍यो । तथापि, नेपालमा सिनेमा कहिले भित्रियो ठ्याक्कै भन्न कठिन छ (अर्याल २०७०) । न नेपालीले कहिलेदेखि सिनेमा हेरे त्यो भन्न सकिन्छ । नेपाली भाषामा वा नेपालमा बनेका प्रारम्भिक चलचित्रबारे समेत केही विवाद थियो, तर त्यसबारे लेखिसकिएको छ (उदाहरणका लागि हेर्नुहोस्, जोशी २०४५; लिक्टी सन् १९९७; कार्की सन् २००२; अजित २०६४; तिवारी सन् २०१८) । नेपालबारे अरूले बनाएका

[१] चौधरी (सन् २००१) का अनुसार भारतीय सेनाका क्यान्टोन्मेन्टहरूका छेउछाउ मुख्यतः सेनाका जवानलाई नै लक्षित गरी सिनेमा घर खुलेका थिए । दोस्रो विश्वयुद्ध ताका त जवानहरूको मनोरञ्जनका लागि सिनेमा देखाइन्थ्यो । भारतीय सेनामा सामेल नेपालीहरूले पनि सोही अनुरूप सिनेमा हेर्ने अवसर पाएको अनुमान गर्न सकिन्छ । नेपालीहरू भारत भ्रमणमा जाँदा सिनेमा हेरेको जानकारी विभिन्न पुस्तकमा पाइन्छ (उदाहरणका लागि हेर्नुहोस्, लिक्टी सन् १९९७; दीक्षित सन् १९९९; दीक्षित २०७१) । चन्द्रसम्शेरले कलकत्तामा "बाइङ एजेन्सी अफिस" को नेतृत्व (वि.सं. १९७०–१९७८) गर्न पठाएका भरतमणि आचार्य दीक्षित (२०७१ : ४१) लेख्छन् : "कलकत्तामा छँदा म बायोस्कोप खुबै हेर्दथेँ । कहिलेकाहीँ पैसा भएन भने बेच्नेले बिना पैसा टिकट दिन्थे र भोलिपल्ट बुझाए हुन्थ्यो । त्यस बेला [सिनेमामा] बोली हुँदैनथ्यो । खालि तस्बिर मात्र र कुरा पनि अंग्रेजीमा बहुत छोटकरी लेखिएको हुन्थ्यो ।"

*समाज अध्ययन* १३ : १–३७, २०७५

सिनेमा अथवा नेपालमा खिचिएका शुरूआती सिनेमाबारे पनि तोकेरै केही भन्न सकिन्न।[२] व्यवस्थित अभिलेख तथा यो विषयमा खोजीपस्ने अनुसन्धाताको अभावले हामीलाई यो फाँटबारे खासै थाहा छैन। तथापि, पहिले देवसम्शेरको पालामा र पछि राणाकालको उत्तरार्धमा सामान्यजनले सार्वजनिक रूपमा सिनेमाको रसस्वादन गर्न पाएका थिए। डिसेम्बर १९४९ देखित नेपालमा पनि सिनेमा हल खोलेर व्यापारिक तवरबाट सिनेमा देखाउन थालियो (पराजुली २०७४)। नेपालमा सिनेमाले हिँडेको सोही बाटो र नेपालीहरूको प्रारम्भिक सिनेमा हेराइ, भोगाइ र त्यसबारे भएका केही छलफलमा यो लेख केन्द्रित छ।

राणा शासकहरूले रैतीलाई आफूसरह बन्न नदिने—आफूखुसी शिक्षा-दीक्षा लिन नदिने, ठाँटिएर हिँड्न नदिने, "राम्रा/ठूला" घर बनाउन नदिने या महँगा मोटर-गाडी चढ्न नदिने—गरेको सुन्न, पढ्न पाइन्छ। रैतीहरूको अन्यत्र विश्वसम्म (विचार र वस्तु) पहुँच पुग्न नदिन उनीहरूले भरमग्दुर प्रयास गरेका थिए।[३] यदि त्यसो हो भने, यो बीचमा के त्यस्तो

[२] बेलायतका राजा जर्ज पञ्चमको नेपाल (शिकार) भ्रमणका बेला (सन् १९११) खिचिएका स्थिर चित्रहरूको संग्रह बाहिर आए पनि चलचित्र नै खिचिएको संकेत मिल्दैन, यद्यपि दिल्लीमा भएको "दरबार" लगायतको चलचित्र युट्युबमा भेटिन्छ (हेर्नुहोस्, www.youtube.com/watch?v=5_kKAfRxPPs; सेप्टेम्बर २०, २०१८ मा हेरिएको)। जुद्धसम्शेरका पालामा भने शिकार, विवाह, पारिवारिक जमघट जस्ता अवसरमा चलायमान दृश्यहरू खिचिएको बुझिन्छ (मैनाली २०६१)। सन् १९४३ मा नेपालमा एउटा विदेशी समूह सिनेमा बनाउनैका लागि सामग्री सहित आएका थिए (हेर्नुहोस्, डेभिस सन् १९५९)। खासमा बर्मा आएको यो समूह संयोगले नेपाल छिर्न पाएको थियो र उनीहरूले नेपालको सरहदभित्र सिनेमा खिचेका थिए। तर उनीहरूले "फुल-लेन्थ" वा नेपालमै मात्र केन्द्रित सिनेमा सम्भवत: बनाएनन्, वा बनाएका भए पनि प्रदर्शन भएन। यो टोलीले अन्यत्र मुलुकमा बनाएको सिनेमा वा त्यसबारे जानकारी इन्टरनेटमा भेटिन्छ, तर नेपालबारे उनीहरूले सिनेमा बनाएको त्यस्तो कुनै जानकारी पाइएन। यो टोलीले खिचेको फुटेज कहीँ अझै बाँकी छ-छैन त्यो थाहा पाउन सकिएन। संयुक्त राज्य अमेरिकाको सूचना संस्थाले सन् १९५७ मा निर्माण गरेको चलचित्र *हिमालयन अवेकनिङ* लाई "नेपालको पहिलो सही वृत्तचित्र" भनिएको छ (मैनाली २०६१ : २), यद्यपि सन् १९५० मै काठमाडौँ सिनेमा भवनमा मोहनसम्शेरको भारत भ्रमणको "डकुमेन्ट्री" देखाइएको थियो (हेर्नुहोस्, गोरखापत्र २००७ख : ४)।

[३] कतिपय लेखकले राणाकालमा नेपाललाई शासकहरूले बाहिरी विश्वसँग सम्पर्क हुन नदिएर पूरै एक्ल्याएर "फोसिलाइज्ड" अवस्थामा राखिएको मुलुकको रूपमा व्याख्या गरेका छन् (वन्त सन् १९९७ मा त्यस्ता सामग्रीको फेहरिस्त छ)। सम्भ्रान्तहरूको विदेशी सरसामान प्रतिको मोह र उपभोग, तर सोही कुरामा सामान्यजनलाई अवरोध गरिएकोले लिक्टी (सन् १९९७) ले त्यसलाई "सेलेक्टिभ एक्स्क्लुजन" भनेर व्याख्या गरेका छन्। त्यस्तो "एक्ल्याइ" पनि विदेशीहरूको नेपाल भ्रमणलाई रोक लगाउनुमा बाहेक अन्य हिसाबले कारगर भएको देखिँदैन। माइकसेल र श्रेष्ठ (सन् १९९०) ले बन्दीपुरको उद्योग-व्यापारबारे गरेको अध्ययनले राणाकालमै नेपाल र बाँकी विश्वको

परिस्थिति सिर्जना हुन पुग्यो जसले गर्दा सम्भ्रान्त वर्गको निजी मनोरञ्जनको साधन—सिनेमा—उनीहरूको शिकञ्जाबाट फुत्किएर रैतीको पहुँचमा पनि पुग्यो ?[४] अथवा राणा शासक स्वयंले किन रैती-रञ्जनाको साधन हुने गरी काठमाडौँमा सिनेमा भवन खोल्नुपऱ्यो भन्ने मूल प्रश्नको जवाफ यो लेखमा खोजिएको छ ।

छिमेकमा सिनेमा सार्वजनिक व्यापार र उपभोगको वस्तु बन्दै जाँदा नेपालमा पनि रैतीलाई सिनेमा हेर्ने व्यवस्था गर्न शासकहरूलाई आवश्यक परेको तर्क यो पत्रमा गरिएको छ । किनकि, "हुलकाहुल" नेपाली युवाहरू सिनेमा हेर्न भारत जान थाल्दा त्यसले एक त नेपालको पैसा विदेशिने र अर्को, त्यहाँ "सबै खाले" सिनेमा हेर्ने र "अरू नै केही" (अलग विचारधारामा दीक्षित हुने या मतिभ्रष्ट हुने) समेत बोकेर आउन थाले र त्यसलाई रोक्न शासक वर्गलाई जरुरी भयो । नेपालभित्र र छिमेकमा भइरहेका सामाजिक-राजनीतिक गतिविधि एवं परिवर्तनलाई राणा शासकहरूले मिहिन पाराले परख गरिरहेको र सोही अनुरूप नेपालमा "आधार शिक्षा" लागू गरिएको एवं विश्वविद्यालय स्थापनाका लागि प्रयत्न गरिएको तर्क मैले अन्यत्र गरेको छु (हेर्नुहोस्, पराजुली सन् २०१२, सन् २०१४) । सिनेमाको सम्बन्धमा पनि सोही कुरा भन्न सकिन्छ ।

सिनेमाले रैतीमा पार्न सक्ने प्रभावबारे तत्कालीन राज्य सचेत/चनाखो रहेको र सोही बमोजिम काठमाडौँमै सिनेमा घर बनाएर उनीहरूलाई "धार्मिक एवं शिक्षाप्रद" अर्थात् "उचित/उपयुक्त" सिनेमा देखाउन आवश्यक ठानियो र सोही क्रममा नेपालमा सिनेमाको शुरूआत भएको यो लेखको थप तर्क छ । यसले एकातर्फ सरकारलाई कन्टेन्ट रेगुलेट (अन्तर्वस्तु नियमन) गर्न सुविधा दियो, र अर्कोतर्फ छिमेकी मुलुकमा जाने नेपालीहरू शासन-व्यवस्था-विरोधी विचार र संगठनमा समाहित हुन सक्ने सम्भावनालाई केही हदसम्म रोक्यो । फलत: शासक वर्ग र सीमित सम्भ्रान्तहरूको पकडबाट फुत्किएर नेपालमा पनि सिनेमा रैतीहरूको (या सार्वजनिक) उपभोग र व्यापारको वस्तु बन्न पुग्यो ।

मूलत: *गोरखापत्र* (सन् १९३६–१९५१) मा प्रकाशित सिनेमा सम्बन्धी विभिन्न सामग्री (समाचार, लेख, सम्पादकीय, पाठकपत्र, विज्ञापन/सूचना, तस्बिर, आदि) यो लेखका प्राथमिक स्रोत हुन् ।[५] तत्कालीन अवस्थाको प्रमुख साहित्यिक पत्रिका *शारदा*का सन्

---

व्यापारिक सम्पर्कलाई प्रस्ट्याउँछ । राणाकालको उत्तरार्धमा नेपालमा ज्ञान र विचारको "सर्कुलेशन" बारे पराजुली (सन् २०१६) हेर्नुहोस् ।

[४] राणाकालमा फोटो कसरी विस्तारै सामान्यजनको उपभोग वस्तु बन्यो भन्ने जान्न अथवा नेपालमा तस्बिरको उपभोगको इतिहास जान्न वन्त (सन् १९९८) हेर्नुहोस् । सो कालखण्डमा रेडियोमाथि गरिएको नियन्त्रणबारे जान्न वन्त (२०६१ : ३५–५४) हेर्नुहोस् ।

[५] सिनेमा मेरो प्राथमिक अध्ययनको क्षेत्र होइन । नेपाली शिक्षाको इतिहास खोजीपस्ने क्रममा *गोरखापत्र*का माइक्रोफिल्महरू अध्ययन गरेको थिएँ । सोही क्रममा आँखा अगाडि परेका सिनेमा

१९५१ अघिका उपलब्ध भए सम्मका अंक पनि हेरिएको थियो, तर तिनमा "समाज र सिनेमा" (अवास २००७) शीर्षकको एउटा अनूदित लेख र "गाइजात्रा" शीर्षकको "सम्पादकीय विचार" मा सिनेमाको छोटो प्रसंग (शारदा २००६ : १११) बाहेक केही भेटिएन।[६] त्यस अलावा, नेपाली सिनेमाबारे विभिन्न प्रसंगमा लेखिएका सामग्री (द्वितीय स्रोत) पनि यो लेख तयार गर्ने क्रममा उपयोग गरिएको छ।

यो आलेखलाई मुख्यत: चार खण्डमा बाँडिएको छ। पहिलो खण्डमा नेपालमा सिनेमाको प्रवेश कसरी भयो, सो उत्खनन गरिएको छ। दोस्रो खण्डमा पद्मसम्शेरको शासनकाल (सन् १९४५–१९४८) मा विद्यार्थीहरूलाई देखाइएको सिनेमाको चर्चा छ। तेस्रो खण्डमा नेपालमा सिनेमा कसरी व्यापार र सार्वजनिक उपभोगको विषयवस्तु बन्यो, त्यो केलाइएको छ। यस क्रममा पहिलो सिनेमा घरको स्थापना र त्यो भवनमा अप्रिल १९५१ अघि प्रदर्शित सिनेमाबारे एवं सिनेमा प्रदर्शनसँग गाँसिएका विविध पक्षको चर्चा छ। चौथो खण्डमा नेपालमा सिनेमाको सार्वजनिक प्रदर्शनीको अर्थ-राजनीति केलाइएको छ। खास गरी, के कारणले सम्भ्रान्त वर्गको पहुँचबाट रैतीको पहुँचमा सिनेमा पुग्न गयो, सोबारे विश्लेषण गरिएको छ। सिनेमाको अन्तर्वस्तु र त्यसको उपयोग एवं दुरुपयोगबारे शासकहरू सचेत रहेका र सोही अनुरूप नेपालमा सिनेमा सोचीविचारी स्थापना गरिएको यो खण्डमा देखाइएको छ। अन्तिममा छोटो निष्कर्ष खण्ड छ।

## नेपालमा सिनेमाको प्रवेश

नेपालको सामाजिक इतिहास लेख्नेहरूले यूरोप भ्रमणबाट फर्किने बेलामा जंगबहादुरले आफूसँग सिनेमाको मेसिन र अंग्रेजी सिनेमा ल्याएको उल्लेख गरेका छन् (हेर्नुहोस्, श्रेष्ठ सन् १९९७ : ८९–९०; वैद्य, मानन्धर र जोशी सन् १९९३ : २६२–२६३)। वैद्य, मानन्धर र जोशीले श्रेष्ठलाई उल्लेख गर्दै सो तथ्य औँल्याएका देखिन्छन्, जबकि श्रेष्ठ सन् (१९९७)

---

सम्बन्धी केही सामग्री रोचक लागे, र त्यसपछि पाए-भ्याएसम्म सिनेमा सम्बन्धी *गोरखापत्र*मा प्रकाशित सामग्री संकलन गरेँ। तिनै संकलित सामग्रीबाट यो लेख जन्मिएको हो।

[६] गाईजात्राका अवसरमा आयोजना गरिने नाटकले हिन्दी सिनेमाको भद्दा नक्कल गरेको भन्दै *शारदा*को सम्पादकीयमा आलोचना गरिएको छ : "... हिन्दी सिनेमाको अनुवाद नाटकमा गरेर खेलियो भने नाट्यकलाको अपमान गरिएको ठहरिन्छ र साथै त्यसलाई नेपाली जेहनको अपमान पनि भन्न सकिन्छ। सिनेमालाई नाटकमा उतार्नु नपुंसक खेल भन्नु कुनै अत्युक्ति हुँदैन" (शारदा २००६ : १११)। सिनेमा हेर्दै नहेरी नक्कल गर्ने कुरा भएन, तसर्थ नेपालमा व्यापारिक रूपमा सिनेमाको प्रदर्शन शुरू हुनुअघि (हेर्नुहोस् तल) नै यो वा त्यो तरिकाले सिनेमामा सीमित मानिसहरूको पहुँच पुगिरहेको थियो भन्ने देखाउँछ। सिनेमाले अन्य विधा (नाटक, इत्यादि) मा पारेको (नकारात्मक) प्रभाव पनि यसले देखाउँछ।

स्वयंले सो तथ्यको स्रोत उल्लेख गरेकी छैनन् ।[७] जंगबहादुरको यूरोप भ्रमणकाल (सन् १८५०–१८५१) सम्ममा त्यहीँ पनि सिनेमा प्रविधिको उल्लेख्य विकास भएको नदेखिएकाले उनको पालामा सिनेमा नेपालमा भित्रिएको कुरा तथ्यपरक देखिन्न ।[८]

यूरोपमै पनि प्रक्षेप गर्न मिल्ने/चल्ने-चित्रको (प्रोजेक्टरबाट हेर्ने) प्रविधिको विकास सन् १८९० को दशकमा मात्रै भएको हो (हेर्नुहोस्, पियर्सन सन् १९९६; नोवेल-स्मिथ सन् १९९७) ।[९] सन् १८९५ मा फ्रेन्च दाजुभाइ लुमिअरहरूले शुरू गरेको "सिनेमाटोग्राफ" लाई पहिलो प्रोजेक्टर मेसिन मानिन्छ । यसले निकै छोटो समयको सिनेमा मात्र देखाउँथ्यो । यो सँगसँगै यूरोपका अन्य देशमा समानान्तर रूपमा प्रोजेक्टर प्रविधिको विकास भयो । सन् १९०५ सम्म पनि ५–१० मिनेट सम्मका छोटा सिनेमा मात्र देखाइन्थ्यो, तर त्यसको केही वर्षभित्रै प्रविधिमा भएको विकासले लामा-लामा सिनेमा पनि देखाउन सकिने भयो र छोटो समयमै सिनेमा एउटा ठूलो वैश्विक उद्योग बन्न पुग्यो (नोवेल-स्मिथ सन् १९९७) ।

पश्चिममा भएको सिनेमाको विकासको लगत्तै त्यो प्रविधि भारतसम्म पनि पुग्यो । बम्बईमा सन् १८९६ मा र त्यसको केही समयपछि कलकत्तामा सिनेमा प्रदर्शन गरिएको थियो (राजाध्यक्ष सन् १९९७) । सन् १८९८ तिर भारतमै फाट्टफुट्ट "डकुमेन्ट्री टाइप" का सिनेमा बन्न थाले भने बीसौँ शताब्दीको पहिलो पाउमा "फिचर फिल्म" बन्न थाले ।[१०]

[७] श्रेष्ठको पुस्तक उनको विद्यावारिधिको शोध(?) मा आधारित हो र लेखकत्रयले सम्भवत: उनको सोही शोधपत्रलाई स्रोत मानेका हुन् । पुस्तकमा श्रेष्ठले स्रोत नखुलाएकाले उनको दाबीको आधार प्रस्ट हुँदैन । चौलागाईं (२०७३ : ६३) का अनुसार अगष्ट १९३४ (भदौ १९९०) मा चन्द्रसम्शेरले पहिलो विदेशी चलचित्र भित्र्याएर प्रदर्शन गरेका हुन् । तर, देवसम्शेरकै पालामा चलचित्र नेपाल भित्रिएको र सार्वजनिक प्रदर्शनी भएको तत्समयमा प्रकाशित सामग्रीले देखाउँछन् । थप, सन् १९३४ मा चन्द्रसम्शेर बितिसकेका थिए र जुद्धसम्शेरले शासनको बागडोर सम्हालिरहेका थिए । नरसम्शेरको हवाला दिँदै सन् १९३३ मा सिंहदरबारको नाचघरमा कुञ्जरसम्शेरले अंग्रेजी र हिन्दी फिल्म देखाएको शर्मा (२०६७[२०३८] : २३४–२३५) ले उल्लेख गरेका छन् (सायमी सन् १९९६ : २४ पनि हेर्नुहोस्) ।

[८] जंगबहादुरको यूरोप भ्रमणबारे पुस्तक प्रकाशित छन् (हेर्नुहोस्, दीक्षित २०३८; ह्वेल्प्टन सन् २०१६[सन् १९८३]), जसमा जंगबहादुरले त्यहाँ रहँदा भाग लिएका या भ्रमण गरेका उल्लेख्य स्थान, घटनाबारे उल्लेख छन् । सिनेमासँग जंगबहादुरको जम्काभेट भएको ती पुस्तकले बताउँदैनन् ।

[९] सन् १८९१ मा प्याटेन्ट दर्ता गरिएको र १८९३ देखि बजारमा उपलब्ध थोमस अल्वा एडिसन र डब्लूकेएल डिक्सनको "काइनेटेस्कोप" र लुमिअर दाजुभाइको सन् १८९५ को "सिनेमाटोग्राफ" लाई सिनेमाको प्रारम्भिक प्रविधि मानिन्छ (हेर्नुहोस्, नोवेल-स्मिथ सन् १९९७) ।

[१०] सन् १८९८ देखि नै भारतमा फाट्टफुट्ट स-साना डकुमेन्ट्री सिनेमा बन्न थाले पनि प्रारम्भिक "फिचर फिल्म" चाहिँ सन् १९१२ मा बनेको "श्री पुण्डलिक" (मराठी) र सन् १९१३ को "राजा

भारतमा सिनेमाको सार्वजनिक प्रदर्शन हुन थालेको केही समयमा नै नेपालका राणाका दरबारमा सिनेमा छिऱ्यो। सन् १९०१ मा प्रधानमन्त्री बनेका देवसम्शेरको पालामा सिनेमाको सार्वजनिक प्रदर्शनी भएको थियो। *गोर्खापत्र* (पछि *गोरखापत्र* भनिएको) को पहिलो अंकमा प्रकाशित सूचनाबाट सो कुरा प्रस्ट हुन्छ (हेर्नुहोस्, तस्बिर १)।


टुडिखेळ मा तमाशा.

श्री ३ महाराज बाट बेढाम्मा दुनिञा हरुले हेर्न पाउन् भनी टुडिखेळ मा प्रोजेक्टास्कोप् अर्थात् मानिस ले चळफिर गऱ्ये को सब काम तसवीर बाट सोही बमोजीम दुरुस्त देखिन्या तमासा वैशाख गते २६ बुधबार देखि हुनेछ. सो तमाशा हेर्नलाई अगाडि केटा केटि हरू, ताहाँपछि नीज केटा केटी हरू का आमा हरू, वाहाँपछि लोग्ने मानिस हरू वाहाँ पछि बग्गी मा आउने हरू अरु लाई न छेकने गरी रहने छन्.

*तस्बिर १ : गोर्खापत्र १९५८।*

कमलमणि दीक्षितले आफ्नो पुस्तक *चार कन्था*मा *गोर्खापत्र*को तेस्रो अंकमा प्रकाशित सामग्री उद्धृत गरेका छन्। सो सामग्रीमा देवसम्शेरको सिन्दूरयात्रा क्रममा दुनियाँहरूलाई सिनेमा समेत देखाइएको प्रसंग छ: "... राति दुनिञा हेरून् भन्ना निमित्त टुडिखेल्मा महाराज्का हुकुमले मानिसले गरेको चलफिर को काम तसवीर बाट दुरुस्त उस्तै देखिने 'सिना मेटोग्राफ'को तमासा भयो ..." (दीक्षित सन् १९९६ : ७६)। देवसम्शेरकी रानीको सिन्दूरयात्रा क्रममा पनि सिनेमाको सार्वजनिक प्रदर्शन गरिएको थियो: "... दुनिञालाइ तमासा देषाउनानिमित्त १ सातापछि फेरि सिनेमेटोग्राफ शुरू भयो अरू ९/१० बजे रात् सम्मसाराले हेरेर तृप्त भये आतसबाजिको तमासा पनि तिन्दिन्पछि फेरि भये" (दीक्षित सन् १९९६ : ७९–८०)।

---

हरिश्चन्द्र" (हिन्दी) हुन्। हेर्नुहोस्, www.theguardian.com/film/2013/jul/25/birth-indias-film-industry-movies-mumbai; डिसेम्बर १०, २०१७ मा हेरिएको।

देवसम्शेरको पालामा भएको मूक सिनेमाको प्रदर्शनीबारे अन्य व्यक्ति/लेखकले समेत उल्लेख गरेका छन् । प्रमोदसम्शेर (राणा सन् २०००) का अनुसार देवसम्शेरले एक हप्तासम्म सामान्यजनलाई टुँडिखेलमा चलचित्र देखाएका थिए । पुरुषोत्तमसम्शेरले पनि देवसम्शेरको पालामा सर्वसाधारणले साँझमा "बाइस्कोप"[११] हेर्ने अवसर पाएको लेखेका छन् (जबरा २०६२) । त्यस्तै, इतिहासकारहरू वैद्य, मानन्धर र जोशी (सन् १९९३) तथा श्रेष्ठ (सन् १९९७) ले पनि देवसम्शेरको पालामा सामान्यजनले सिनेमा हेर्न पाएको उल्लेख गरेका छन् । यी सबैबाट उन्नाइसौँ शताब्दीको अन्त या बीसौँ शताब्दीको शुरूमा नेपालमा सिनेमा प्रविधि छिरेको प्रस्ट हुन्छ ।

देवसम्शेरलाई लखेटेर शासन सत्ता हत्याएका चन्द्रसम्शेरले त्यसपछि करिब तीन दशक (सन् १९०१–१९२९) अविच्छिन्न शासन गरे । त्यति बेलाका प्रभावशाली राणाहरूकहाँ आ-आफ्नै "थिएटर घर" थिए र त्यहाँ नियमित रूपमा सिनेमा समेत हेरिन्थ्यो । बालकृष्ण सम (२०५४) को आत्मकथा *मेरो कविताको आराधन*मा उनका हजुरबा डम्बरसम्शेरले हेर्ने सिनेमाको वर्णन छ :

> हाम्रो बाज्येज्यूलाई त्यस ताका [सन् १९१६–१९१७ तिर] चलचित्र (सिनेमा) मा सोख बढेको थियो, दिन दिन नाचबैठकमा उनी सो हेर्दथे । ... त्यस बेला मूक सिनेमा थियो ... नाटकमा तीव्र रुचि भएको मलाई सिनेमा मन जत्ति नै मन पर्दथ्यो, तर हाम्रो भुँइँ बैठकमा पढ्ने बेला र माथि सिनेमा लाग्ने बेला एउटै पर्दथ्यो । त्यहाँ माथि कार्बोन[१२] बल्दा त्यसले हाम्रो पढ्ने ठाउँको वत्तीबाट तेज र हाम्रो मन सँगसँगै खिच्तथ्यो ... भ्रमरको गुञ्जन झैं कार्बोन बलेको शब्द झ्याउँकीरी कराए जस्तै मेशिनको स्वरसित मिसिएर आउँदा मलाई वासनाले खिन्न बनाउँथ्यो ... अँध्यारो ठाउँमा घरभरिका मानिस बीचको सेतो उज्यालो चलिरहेको चित्रविचित्रको संसार देखेर रमाइरहेका हुन्थे ... । (सम २०५४ : ५७–५८)

चन्द्रसम्शेरकै पालामा राणाहरूकहाँ त भइहाल्यो, केही शक्तिशाली गैरराणा "सिभिलियन" कहाँ (खास गरी "गुरुज्यू" खलक कहाँ) पनि सिनेमा हेर्ने मेसिन पुगेको थियो । उदाहरणका लागि, मदनमणि दीक्षित (सन् १९९९) ले आफ्नो परिवार छुट्टभिन्न हुँदा सिनेमाका रीलहरू काटेर बाँडेको उल्लेख गरेका छन् । त्यस्तै, नरसम्शेरले आफ्नो जीवनीमा गुरुज्यू खलक कहाँबाट सिनेमा ल्याएर हेरेको उल्लेख गरेका छन् (हेर्नुहोस् तल) ।

[११] पहिले सिनेमा, सिनेमाको प्रोजेक्टर, सिनेमा घर, आदिलाई बाइस्कोप भनिएको पाइन्छ ।

[१२] पर्दामा सिनेमा देखाउन घाम जत्तिकै चहकिलो उज्यालो चाहिन्छ, जुन पहिलेको समयमा प्रोजेक्टरमा कार्बन रड जलाएर निकालिन्थ्यो ।

सन् १९३५ को *नेशनल जिओग्राफिक* म्यागेजिनमा छापिएको पेनेलोप चेटवोडको लेख अनुसार जुद्धसम्शेरले सिनेमा लगायत पश्चिमा सिर्जनालाई नेपालको सरहदभित्र छिर्नमा नियन्त्रण गरेका थिए । पश्चिमाहरूको निजी जीवनको सिनेमामा हुने जीवन्त प्रस्तुतिले दर्शकहरूमा दुष्प्रभाव पार्ने जुद्धले ठानेका थिए (चेटवोड सन् १९३५ : ३२८) ।[१३] तर, जुद्ध आफैले सन् १९४३ मा निजी सिनेमा भवन स्थापना गरे (अजित २०६४) ।[१४] उनको शासनकालमा आइपुग्दा राणाहरूले वर्षेनी कम्तीमा १४/१५ ओटा सिनेमा हेर्थे । नरसम्शेर राणाको जीवनीमा लेखिएको छ :

> बुबाहजुर [जुद्धसम्शेर] लाठ साहेव भैवक्सेकै बेलादेखि अर्थात् आफु सानो उमेर छँदै कान्छा गुरूजुकहाँबाट तथा अन्तबाट पनि सेनेमा आउँदा ठुलो चोकमा पर्दा हाली सबै परिवार बार्दलीमा बसी मासु-चिउरा खाँदै खुब रमाएर हेर्ने गर्दथ्यौँ । मलाई त्यही बेलादेखि सेनेमाको चौपट्टै प्रभाव पर्न गएको थियो । वर्षमा १५–२० सेनेमा हेर्न पाइन्थ्यो । त्यस ताका मुक सेनेमा अर्थात् silent movies मात्र हुने हुँदा पर्दामा कलाकारहरूको हाउभाऊ हेर्दा खुव मज्जा लाग्दथ्यो । पछि कलकत्ता आवात जावत गर्ने क्रममा त्यहाँ पनि खुव सेनेमा हेर्ने गर्दथें । (राणा २०५८: ११०; मूल पाठमै अंग्रेजी शब्द प्रयुक्त भएको)

काठमाडौँका सम्भ्रान्तकहाँ मात्रै होइन कि उपत्यका बाहिर पनि केही राणाहरूकहाँ सिनेमा मेसिन थिए । नेपालगञ्जमा रहेका शान्तिसम्शेरले आफूकहाँ भएको “पेयथी” प्रोजेक्टर र रील बेच्नका लागि *गोरखापत्र*मा विज्ञापन छपाएका थिए (हेर्नुहोस्, तस्बिर २) ।

सिनेमाको सार्वजनिक प्रदर्शनीको कुरा गर्दा, जुद्धको निजी सिनेमा घर बन्नुअघि सन् १९३७ को शिवरात्रि मेलामा विराटनगरमा “टँकिसिनेमाको खेल तमासा” भएको र सो हेर्न “पहाड र मध्येश तराईका मानिसहरू धैरै आएका” तत्कालीन समयको *गोरखापत्र*मा छापिएको छ ।

> विराटनगर एक्सचेञ्ज आफिस, चैत्र ८ गते । अस्ति फाल्गुन २८ गते श्री शिवरात्रिको मेला हुनाले सो मेलामा यहाँका बडाहाकिम हाकिम कारिन्दाहरू र गाउँ मौजाका भलाद्मीहरू सबै

[१३] पश्चिमा सिनेमाहरू भारतीय नागरिकलाई उपयुक्त हुने-नहुनेबारे र तिनले पार्न सक्ने प्रभावबारे भारतमा पनि प्रशस्त छलफल भएका थिए । सोही अनुरूप सेन्सर बोर्डहरू गठन गरिएका थिए (चौधरी सन् २००१; प्रसाद सन् २००९) ।

[१४] अजित (२०६४ : ३८) लेख्छन् : “जुद्ध शमशेरले आफू प्राइम मिनिस्टर भएको बेला सन् १९४३ मा पहिलो चलचित्र हलको निर्माण आफ्नै दरबार परिसरमा गराएका थिए । तर, उक्त हलमा राणामध्ये पनि उपल्लो वर्गकाहरू र राजपरिवारका सदस्य बाहेक अरू कसैको पहुँच थिएन ।” यद्यपि, त्यसअघि नै शासकजनकहाँ आ-आफ्नै “थिएटर/थेटर” घर थिए, जहाँ उनीहरू सिनेमा हेर्ने गर्थे ।

गएका थिए। सो मेलामा टँकिसिनेमाको खेल तमासा पनि भएको थियो। सो खेल तमासा हेर्नलाई पहाड र मध्येश तराईका मानिसहरू धेरै आएका थिए। (गोरखापत्र १९९३ : ४)



पेयथो सिनेमाको मेसिन
बिकाउ छ

बिल्कुलै नयाँ जस्तो पेयथो सिनेमा मेसिन बहुतै कम चलन भएको ११० भोल्ट र २२० भोल्ट मा काम लाग्नेर काहि- बिलकुल चलन नभएको कोही केहो पुरानो गरी त्यसको फिलिम जम्मा १०० भन्दा बढतै बिकाउ छ। लिन इच्छा हुनेले शान्तिशमशेर ज.ब.रा. „मेघालय„ नेपालगञ्ज पो. रूपंडयामा लेखापढा गर्नु होला। जगेडा बत्ती र अरु सामान पनि साथै दिइने छ।

*तस्बिर २ : गोरखापत्र २००३च : ४।*

आफू प्रधानमन्त्री भएको (सन् १९४५) एक-डेढ महिनामै पद्मसम्शेरले आफूकहाँ भएको सिनेमा घरमा विद्यार्थी लगायतलाई सिनेमा हेर्ने व्यवस्था गरिदिएका थिए (यस विषयमा थप तल)। खास गरी सन् १९५० को दशकमा र पछि “टुरिङ सिनेमा” या “टकीज” नेपालका अलि सानाठूला शहरमा पुगेपछि तत्तत् स्थानका सर्वसाधारणले पनि सिनेमा हेर्न पाएको अनुमान लगाउन सकिन्छ।[१५]

## विद्यार्थीका लागि सिनेमा

जुद्धसम्शेरले सन् १९४५ मा राजिनामा दिएपछि पद्मसम्शेर प्रधानमन्त्री बने। मूलत: अभिजात वर्गको मात्र पहुँचमा रहेको सिनेमा प्रविधिमा पद्मसम्शेर शासनारूढ भएपछि रैतीको पनि केही पहुँच पुग्यो, पद्मकै क्षणिक उदारताका कारण। उनी प्रधानमन्त्री भएपछि

[१५] भारतमा सन् १९३९ सम्ममा १,२६५ स्थायी सिनेमा घर र ५०० “टुरिङ” सिनेमा घर थिए (चौधरी सन् २००१ : १५)। यी अस्थायी घुमन्ते सिनेमा घरहरूले राणाकालमै विराटनगरमा बाहेक नेपालका अन्य शहरमा पनि सिनेमा देखाएको हुन सक्छ।

उनले आफ्नो दरबार विशालनगरमा विद्यार्थीका लागि र सम्भवत: अन्य रैतीजनलाई पनि केही सिनेमा देखाएका थिए। यसरी विद्यार्थीलाई सिनेमा देखाउन थालेपछि सोबारे त्यस बेलाको एक मात्र खबरपत्रिका *गोरखापत्र*मा सम्पादकीय, लेख र चिठीपत्र छापिएका छन्। ती सामग्रीमा पहिलो, दुई लाइनको सम्पादकीयमा भनिएको छ, "श्री ३ महाराज, आज नेपालका शिक्षित नवयुवकहरूका प्यारा श्री ३ महाराजबाट चलचित्रको भाव बुझ्नसम्म सक्ने कालेज स्कूलका विद्यार्थीहरूलाई बराबर शिक्षाप्रद सिनेमा देखाउने प्रबन्ध मिलाइदिवक्स्यो। आज नेपालका प्रत्येक शिक्षित यो कुराले गद्‌गद् छन्" (गोरखापत्र २००२ : २)। शिक्षाप्रद भनिए पनि धार्मिक सिनेमा देखाइएका थिए (धार्मिक सिनेमा "शिक्षाप्रद" पनि हुन्छन्) र तीमध्ये पहिलो "विदुर" थियो।[१६]

त्रिचन्द्र कलेजका विद्यार्थीले मात्र शुरूमा सिनेमा हेर्ने मौका पाए। उनीहरूले जुलाई १९४६ (असार २००३) सम्ममा कम्तीमा चार पटक सिनेमा हेर्न पाएका थिए।[१७] सम्भवत: केहीले सूचनाको अभावमा कुनै सिनेमा हेर्न छुटाए, र उनीहरूमध्ये एकले तत्कालीन समयको समाचारको प्रमुख स्रोत *गोरखापत्र*लाई चिठ्ठी लेखे—कहिले, के सिनेमा देखाउने हो सोको सूचना पहिले नै छापिदिए हुन्थ्यो भनेर। *गोरखापत्र*ले तिनको चिठीलाई चिठीकै रूपमा छापेन, तर यस्तो प्रत्युत्तर दियो :

> एकजना सज्जन, सायद कुनै अंग्रेजी फाँटका विद्यार्थी होलान्। तिनको एउटा चिठ्ठी हामीले पायौँ। चिठ्ठीमा उनी श्री ३ महाराजको विद्यार्थीहरू उपरको निगाहले विद्यार्थीहरूले सिंहदरबारमा चारचोटि सिनेमा हेर्न पाएका कुराको उल्लेख गर्दै भन्दछन्—अबउप्रान्त देखाइने सिनेमाहरूको सूचना पहिले नै गो.प.मा प्रकाशित गरिदिने गर्नु भए बेस हुन्थ्यो, इत्यादि। हवस कोसिस गर्नेछौँ, तर हाम्रो सिद्धान्त छ—"कर्मण्ये वाधिकारस्ते मा फलेसु कदाचन। मा कर्म फलहेतुर्भूर्मा ते संगस्त्वकर्मणि"। (गोरखापत्र २००३क : २)

विशालनगर दरबारमा देखाइने सिनेमाबारे बजारमा हल्ला चल्न थाल्यो। त्यस्तो हल्लालाई विश्वास नगर्न पाठकलाई अनुरोध गर्दै *गोरखापत्र*ले थप्यो : "यहाँ अर्को एउटा कुरो पनि भनि हालौँ। फलानो सिनेमा आएको छ। अब त्यो पनि विद्यार्थीहरूलाई देखाइने रे इत्यादि गल्लीहल्लाहरूमा चाहिँ विश्वास नगर्नुहोस्। वेलायती अप्रिल मैह्नाको संक्रान्ति नेपालका गल्लीहरूमा दिनदिनैजसो आइरहन्छ" (गोरखापत्र २००३क : २)।

[१६] सन् १९४३ मा रिलिज भएको यो फिल्मको पूरा नाम "महात्मा विदुर" थियो। पार्श्वनाथ यशवन्त अल्टेकर र बाबुराव पेन्टरको निर्देशनमा बनेको यो सिनेमाका प्रमुख कलाकारमा विष्णुपन्त पग्निस, दुर्गा खोटे, एसबी नयमपल्ली, आदि थिए।

[१७] सिनेमा सम्बन्धी *गोरखापत्र*मा छापिएका सामग्री केलाउँदा यो कुरा पत्ता लाग्छ।

जे होस्, त्रिचन्द्रका विद्यार्थीले सिनेमा हेर्न पाए, तर “संस्कृतमेल” तर्फकाले पाएनन्, न स्कूले विद्यार्थीले पाए । विभेद भयो । सिनेमा हेर्ने धोको त संस्कृत तर्फकालाई पनि थियो । उनीहरूले नि *गोरखापत्र*लाई नै मुक्तिदाता सम्झे र सम्पादकका नाममा बेनामी चिट्ठी लेखे, त्रिचन्द्रका विद्यार्थीको रूपमा परिचय दिँदै । सम्पादकले कुरो बुझिहाले, र प्रत्युत्तर दिए । अलिकति सन्तोष गर्न सम्झाइएको व्यंग्योक्ति मिसिएको लामो टिप्पणी यस्तो थियो :

> एउटा अर्को बेनामी चिट्ठी पनि हामीले पायौँ । त्यसमा कुनै छद्मभेषी विद्वान या विद्यार्थीले आफूलाई त्रिचन्द्र कलेजको विद्यार्थी हूँ भनी लेखेको थियो । पर्दाभित्र लुकेर कराएको हामीलाई मन पर्दैन । तर पनि उसको मागलाई नकिची कुनै न कुनै रूपमा प्रकाशित गरिदिनु नै गो.प.को धर्म हो । उसको भनाइ थियो । “संस्कृतका विद्यार्थीहरूले सिनेमा हेर्न किन नपाउनु?” इत्यादि । प्रश्न त मौलिक छ, तर यसमा सत्व बहुतै कम । संस्कृतको सिनेमा अर्थात् सवाक् चित्रलाई दयालु भगवानले सृष्टि गरी नेपालमा पठाउनु भएको छैन । “Holiday Ion” र “Wilson” जस्ता सिनेमालाई उहाँहरू बुझ्नु हुन्न ।[१८] धार्मिक सिनेमाहरू पनि आधुनिक रङमा ढालिएका मात्र छन् । “नवमेव मनोहारी” भन्ने उन्नतिप्रिय क्षेमेन्द्र मरिहाले ।[१९] योगको दिव्यदृष्टि र तान्त्रिक साधनहरूका अघिल्तिर सिनेमा एउटा तुच्छ वस्तु हो । आजकालको समयमा पनि कति मानिस यस्ता छन् जो सिनेमाका खेलाडीहरूलाई पतित संझन्छन् । यसै भ्रम या धारणाले निमन्त्रणामा छुट भएको होला । तर पनि सन्तोष नै बेस होला कि क्या—किनकि “असन्तुष्टा द्विजा नष्टाः”[२०] भन्ने पुरानो उखान छ । (गोरखापत्र २००३क : २)

संस्कृतका विद्यार्थीको निवेदनले *गोरखापत्र*मा परोक्ष स्थान पाएपछि अन्ततः उनीहरूको अभ्यर्थना पनि सुनियो । र, संस्कृतमेल तर्फका विद्यार्थीले पनि कम्तीमा एक पटक सिनेमा हेर्न पाए । *गोरखापत्र*को निम्न टिप्पणीले सोही संकेत गर्छ :

[१८] “होलिडे इन” (सन् १९४२, सांगीतिक) र “विल्सन” (सन् १९४४, जीवनी) अमेरिकी फिल्म हुन् । “विल्सन” चाहिँ २८ औँ अमेरिकी राष्ट्रपति (सन् १९१३–१९२१) विड्रो विल्सनमाथि बनेको फिल्म हो । यी फिल्मबारे सम्पादक कसरी जानकार भए, त्यो थाहा हुँदैन । ती फिल्म आयात गरेर सम्भ्रान्त वर्गले निजी रूपमा हेरेको पनि हुन सक्छ । अथवा भारतबाट ल्याइने हिन्दी र अंग्रेजीका विभिन्न पत्रपत्रिकामा ती सिनेमाबारे छापिएका सामग्रीबाट पनि सम्पादक जानकार भएको हुन सक्छ ।

[१९] काश्मिरमा जन्मिएका क्षेमेन्द्र (अनुमानित सन् १०२५–१०६६) संस्कृतका महाकवि मानिन्छन् ।

[२०] ब्राह्मणहरूले असन्तोष गर्नु हुँदैन, गरेमा समाप्त होइन्छ भन्ने नीति वचन उल्लेख गर्दै संस्कृत पढ्नेहरूलाई जे छ त्यसैमा सन्तोष गर्न सम्पादकको सुझाव ।

> यसपाली संस्कृतका विद्यार्थीहरूले पनि एउटा भक्ति रसको सवाक् चित्र हेर्न पाएको कुरो हामीले सुन्यौँ । यस विषयमा हाम्रो अघिल्लो सम्पादकीय ब्यङ्गोक्तिलाई धेरै विद्यार्थीहरूले बुझेनछन् । अब ता सबैले बुझ्न्यै छन् भन्ने आशाका साथसाथै संस्कृत तर्फका विद्वान अथवा विद्यार्थीहरूले नवीनताको कदरमा यति धेरै चटपटाएकोमा हामी औधी खुसी भएका छौँ । (गोरखापत्र २००३ख : २)

संस्कृतका विद्यार्थीले पनि सिनेमा हेर्न पाएपछि स्कूले विद्यार्थी के पछि पर्थे र ! उनीहरूले पनि प्रयत्न गरे, *गोरखापत्र* मार्फतै । आठ कक्षाका विद्यार्थीले लेखेको र *गोरखापत्र*मा छापिएको सानो फिरादपत्र तस्बिर ३ मा दिइएको छ ।



जय जय कार गर्ने आशा

महाशय– जति बाजा नाच्छन उति उत्सवको रङ्ग चढ्छ। हामीले पनि अरू उच्च कक्षाका विद्यार्थीहरुले झैं सिनेमा हेर्न पाए श्री ३ महाराजको जय जय मनाउँथ्यौं।

– अष्टम श्रेणीका
विद्यार्थीहरू।

*तस्बिर ३ : गोरखापत्र २००३घ : ३ ।*

*गोरखापत्र*का सामग्रीबाट आठ वा तल्लो तहका विद्यार्थीले तत्पश्चात् सिनेमा हेर्न पाए-नपाएको प्रस्ट हुन्न । यद्यपि, मूलत: विद्यार्थीका लागि देखाइए पनि केही सिनेमा अन्य सर्वसाधारण या “थाङ्ने-माङ्ने” ले पनि हेर्न पाए । हेर्न पाउने/नपाउने र केही सिनेमा हेर्न पाउने सबैले गुनासो र अनुरोधका लागि *गोरखापत्र*लाई गुहार्थे । *गोरखापत्र* एउटा सम्पादकीयमा लेख्छ : “हामीकहाँ आजकाल सिनेमा सम्बन्धी धेरै चिठीहरू आइरहेका छन् । कुनै भन्दछन्, ‘मैले हेर्न पाइनँ ।’ कुनै भन्दछ—‘हामीहरूले ता अवश्यै पाउनुपर्ने ।’ अर्को एक थरी भन्दछ—‘अस्तिको पालि हेरेकै हो, यसपालिमात्र हामी किन छुट्यौँ ?’” (गोरखापत्र २००३ग : २) । *गोरखापत्र*को सम्पादकीयमा लेखिएको छ :

> वर्तमान श्री ३ महाराजबाट आफ्नो व्यक्तिगत उपयोगको निम्ति झिकाइएको सिनेमा अरू धेरै सर्वसाधारणलाई पनि हेर्ने मौका बक्सियो । फेरि यसपाली विशालनगर दरबारमा भैरहेको नाटकहरूलाई हेर्नका लागि कैयन दिनसम्म हदसे हद थाङ्ने माङ्नेहरूका निम्ति पनि ढोका खुला थियो ! यसलाई भन्दछन् उदारता ! शायद कुनै कुनैलाई यो कुरा मन परेन पनि होला—यसमा ता मुसुक्क हाँस्नु सिवाय के औषधि छ र ? (गोरखापत्र २००३ङ : २)

आफ्नो निजी उपभोगका लागि ल्याएको सिनेमा यसरी सार्वजनिक प्रदर्शनी गरी "ऐरे-गैरे" लाई हेर्ने सुविधा दिएको घटनालाई सम्पादकले मालिकको "उदारता" ठह-याए पनि यो उदारता धेरै दिन टिके-नटिकेको थाहा हुँदैन । किनभने, भदौको अन्तिम सातापछि पद्मसम्शेर सत्तामा रहुञ्जेल *गोरखापत्र* (*शारदा*मा पनि) मा सिनेमाबारे थप सामग्री छापिएको भेटिएन । सायद टिकेन; अन्यथा यो वा ऊ आवरणमा केही न केही सामग्री छापिन्थे ।

विशालनगर दरबारमा उदारतापूर्वक भएको यो सिनेमाको "सार्वजनिक" प्रदर्शनीअघि नै नेपालीहरूलाई पनि सिनेमाको चस्काले छोइसकेको थियो । र, यो प्रदर्शनीले सम्भवत: सो चस्कालाई थप बढाइदियो । त्यसैले, सोही समय (अर्थात् सन् १९४६ मै) नेपालमै सिनेमा खोल्नेबारे थोर-बहुत चर्चा (वा "मलिङ ओभर") भएको थियो (हेर्नुहोस्, गोरखापत्र २००३ग)। *गोरखापत्र*को सम्पादकीय टिप्पणीमा सिनेमा खोल्ने कुराको "परोक्ष" विरोध समेत गरिएको छ : "जबसम्म हाम्रा जातीय फिल्महरू तयार हुँदैनन् त्यहाँसम्म सर्वसाधारण अबूझहरूमा विदेशी संस्कृतिको भाव जबर्जस्ती कोचिदिनाले नेपाली संस्कृतिका प्रति अन्याय हुनेछ । [...] नेपालमा सिनेमा घर नखुलोस् भन्ने हाम्रो राय होइन । आफ्नो पेट, बगली, संस्कृतिको विचार राखेर मात्र पाइलो अगाडि सार्नु पर्छ भन्ने हाम्रो भनाइ हो" (गोरखापत्र २००३ग : २)।

*गोरखापत्र*को यो विरोध सम्भवत: कसैको सह नपाइ भएको थिएन । त्यसैले, पद्मसम्शेरको शासनकालमा सिनेमा घर स्थापना गर्ने चर्चा चर्चामै सीमित रह्यो, व्यवहृत हुन सकेन । त्यसका लागि अर्को तीन वर्षभन्दा बढी कुर्नु प-यो । नयाँ शासक आउनु प-यो ।

## व्यापारको मेलो : "थाङ्ने-माङ्ने" को पहुँचमा सिनेमा

पद्मसम्शेरलाई निर्वासित हुन बाध्य तुल्याएर (सन् १९४८ मा) सत्तारूढ भएका मोहनसम्शेरको पालामा नेपालमा सिनेमाको सार्वजनिक उपभोगको साधन बन्यो ।[२१] "काठमाडौँ सिनेमा भवन" को स्थापना गरेर व्यापारिक हिसाबले आजभोलिको जस्तो सिनेमाको टिकट

[२१] मोहनसम्शेरले शासनसत्ता हातमा लिएपछि भएको सिन्दूरयात्राका अवसरमा दिएको वक्तव्य (शारदा २००५क) र त्यसको केही महिनापछि जन्मोत्सवमा दिएको वक्तव्य (शारदा २००५ख) मा सिनेमा घर स्थापना गर्ने कुरा परेको छैन ।

बेचेर सिनेमा देखाउने प्रबन्ध भयो ।[२२] इतिहासकारहरू वैद्य, मानन्धर र जोशीको पुस्तक (सन् १९९३ : २६३) मा यो सिनेमा हल अप्रिल/मे १९४९ (वैशाख २००६) मा खुलेको लेखिएको छ, जुन सही देखिन्न । यो सिनेमा हलबारे कृष्ण शाह "यात्री" ले अलि विस्तारमा चर्चा गरेका छन् :

> मोहन शमशेर हिन्दुस्तान जाँदा त्यहाँका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूले नेपालमा एउटा पनि सिनेमा हल छैन रे हो भनी अचम्म मान्दै सोधे । सोही कुरालाई हिन्दुस्तानी पत्रकाहरूले श्री ३ हरूले जनताको अधिकार खोसेको भनी समाचार बनाए । भनिन्छ, त्यसपछि मोहन शमशेरले नेपालमा सिनेमा हल खोल्ने मनस्थिति बनाए ।

> यात्री थप्छन् :

> २००० सालतिरको कुरा हो, व्यापारको सिलसिलामा हिन्दुस्तान जाँदा खुबै सिनेमा हेर्ने गर्थे काठमाडौँका व्यापारी श्यामशङ्कर श्रेष्ठ । सिनेमाप्रति उनको क्रेज थाहा पाएका मोहन शमशेरले आफ्नो हिन्दुस्तान भ्रमणपछि उनलाई सिनेमा हल खोल्ने अनुमति दिए । त्यही टाउन हल "काठमाडौँ सिनेमाघर" को नाउँमा नेपालको पहिलो सिनेमा हल बन्न पुग्यो । श्रेष्ठको ७५ प्रतिशत र सरकारको २५ प्रतिशत लगानी रहेको उक्त सिनेमा हलमा २००६ मङ्सिर २७ मा पहिलो चलचित्र रामविवाह (हिन्दी) प्रदर्शन भयो । दर्शकको ठूलो भीड थियो । कतिले सुकुलमा बसेर र कतिले उभिएर नै त्यो सिनेमा हेरेका थिए । (यात्री २०५८ : ६०–६१)

नेपालको पहिलो सिनेमा घरबारे यात्रीले लेखेको यो उद्धृतांशमा कतिपय तथ्य सही छैनन् । पहिलो कुरा, मोहनसम्शेर भारत भ्रमण जानु अगावै नेपालमा सिनेमा हल खुलेको

[२२] विराटनगरमा सिनेमा भवन स्थापना गर्ने प्रक्रिया पनि राणाकालमै शुरू भएको थियो । सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा पब्लिक लिमिटेड कम्पनी खडा गरी सिनेमा खोल्ने योजना गरिएको थियो । *गोरखापत्र*मा प्रकाशित निम्न विज्ञापनबाट यो कुरा प्रस्ट हुन्छ : "जिल्लामा पनि सिनेमा रहोस् भनी ज्यादै माग आइरहेको वेहोरा जाहेरा हुँदा न्यायल्टीबाट आउने आम्दानी पञ्चायतको काममा लगाउने र यस कामबाट हुने फाइदासमेत सकभर बढी व्यक्तिले उठाउने मौका पाउने गरी हाललाई अनुभवनिमित्त विराटनगरमा सिनेमा हल १ पब्लिक लिमिटेड कम्पनी गरी राख्न इजाजत दिने निकासा भएकाले सो सिनेमा सम्बन्धमा हुने शर्त सुविधा नियम तल दिई सर्वसाधारणमा सूचना दिइएको छ" (गोरखापत्र २००७घ : १) ।

यद्यपि, सन् १९५० को अन्तसम्म पनि विराटनगरमा सिनेमा घर स्थापना भएको संकेत पाइँदैन ।

हो र त्यसको नाम काठमाडौँ सिनेमा भवन थियो, "सिनेमाघर" होइन ।[२३] त्यस्तै, सिनेमा हलमा कुनै व्यक्तिको निजी लगानी थिएन; म्युनिसिपलिटी अड्डा (गोश्वारा) को मातहत रहने र आम्दानी पनि म्युनिसिपलिटीलाई नै जाने गरी सो सिनेमा भवन (पछि जनसेवा[२४] हल भनिएको) सरकारले स्थापना गरेको थियो । उक्त हलमा पहिलो पटक प्रदर्शनी भएको सिनेमा "रामविवाह" थियो, तर त्यो हलको उद्घाटन मंसिर २७, २००६ (डिसेम्बर १२, १९४९) मा नभई त्यसको अघिल्लो दिन (डिसेम्बर ११ मा) भएको थियो । *गोरखापत्र*मा "काठमाडौँमा सिनेमा उद्घाटन" शीर्षकमा पहिलो पातोमा समाचार प्रकाशित छ, जसले सो सिनेमा हलबारे थप प्रस्ट्याउँछ :

> काठमाडौँ, मार्ग २६ गते । आज काठमाडौँ-सिनेमा-भवनमा सिनेमा प्रदर्शनको काम भयो । त्यस भवन वरिपरि रङ्गी चङ्गी ध्वजा पताकाहरू टाँगिएका थिए । पस्ने ढोकामा रातो तुलमा सेतो अक्षरले श्री ३ महाराजको जय भन्ने लेखिएको थियो । भवनभित्र ठाउँठाउँमा सुशोभित पूर्ण कलशहरू राखिएका थिए । नियत समयमा सरोकारवाला अड्डाका कर्मचारीहरूद्वारा "रामविवाह" भन्ने सिनेमा (चलचित्र) को उद्घाटन भयो । सिनेमा-भवनको भित्री भागको सजधज एउटा प्रसिद्ध सिनेमा भवनको दाँजोमा दाँज्न सकिन्थ्यो । यस तमासाको दर्शनले सबैको चेहरा बडो प्रफुल्लित देखिन्थ्यो । सिनेमा भवनअगाडि चौरमा पनि प्रशस्त मानिसहरू जम्मा भएका थिए । दिनको २ पटकका दरले सिनेमा देखाउने प्रबन्ध भएको छ । (गोरखापत्र २००६ङ : १)

त्यस्तै, राणाकालमै प्रशासनको उच्च ओहदामा रहेका भीमबहादुर पाँडेले आफ्नो पुस्तक *त्यस बखतको नेपाल*को चौथो भागमा नेपालमा सिनेमा हल स्थापना सम्बन्धी छलफलबारे केही उल्लेख गरेका छन्, जसले सो सिनेमा हल स्थापनाको पृष्ठभूमिबारे थप जानकारी दिन्छ :

> २००६ साल भाद्र [अगष्ट/सेप्टेम्बर १९४९] तिर नेपालमा सर्वप्रथम सिनेमा हल खोल्ने निधो लागेकोले श्री ३ मोहनका सबैजसो भित्रिया, आशामुखी र सेनामेनाहरूको सिनेमा

[२३] मोहनसम्शेर फरवरी १५, १९५० मा नेपालबाट प्रस्थान गरेर फरवरी १८ का दिन दिल्ली पुगेका थिए, जबकि सिनेमाको उद्घाटन १९४९ को डिसेम्बरमै भइसकेको थियो (हेर्नुहोस्, पाँडे २०७१[२०३८]) ।

[२४] सन् १९५१ मा यो हलको नाम जनसेवा राखिएको र पछि निजी स्वामित्वमा गएको बुझिन्छ । सन् १९६१ मा यो हलमा आगलागी भएपछि (या लगाइएपछि) यो हलको अस्तित्व समाप्त भयो (हेर्नुहोस्, यात्री २०५८; माथेमा २०७३) ।

> हल खोल्ने इजाजतलाई हुकुम प्रमाङ्गीको लागि बिन्तीपत्र परे । धेरैजसो निवेदकहरू प्रधानमन्त्रीले हार्नै नहुने खालका मानिस हुँदा, सिनेमाको लाइसेन्स एकलाई दिँदा अर्को ठुस्सिने सम्भव देखी, श्री ३ महाराज अलपत्र परेको बेला उद्योग परिषद्का तालुकवाला मे.ज. विजयले नेपालमा सिनेमा हल सरकारी क्षेत्रमा खोल्ने, त्यसबाट हुन आउने सबै आम्दानी म्युनिसिपलेटीको नगर विकासलाई सहायता स्वरूप हस्तान्तर गर्ने र उद्योग परिषद्मार्फत सिनेमा चलाउने सुझाव पेश गरे । सो तुरुन्तै स्वीकार भयो । (पाँडे २०७१[२०३८] : ११०)

माथिका उद्धरणहरूबाट काठमाडौँ सिनेमा भवनको नाम, स्थापनाका लागि भएका प्रयास, स्थापनाको समय, आदि प्रस्ट हुन्छ । यस अघिका लेखमा सिनेमा भवनको नामै समेत पनि सही उल्लेख भएको नपाइएकाले पहिलेका लेखकहरू प्राथमिक स्रोतसम्म नपुगेको यसले देखाउँछ ।

### *व्यापारिक प्रदर्शनीको पूर्व-तयारी*

पाँडे (२०७१[२०३८] : ११०) का अनुसार तत्कालीन म्युनिसिपलिटीका सचिव सुब्बा अनंगमान शेरचन साविकको सभागृह (हाल विशाल बजार/महानगरीय प्रहरी वृत्त, जनसेवा रहेको स्थान) वा “टाउन हल” लाई सिनेमा हलमा परिणत गर्न खटिएका थिए । प्रदर्शनी शुरू हुनुअघि नोभेम्बर १६, १९४९ को *गोरखापत्र*मा “सिनेमा” शीर्षकमा एउटा सम्पादकीय छापिएको छ । सम्पादकीयले सिनेमाको सार्वजनिक प्रदर्शनी हुने मितिको पनि जानकारी दिन्छ : “वर्तमान दूरदर्शी श्री ३ महाराजले ... मुलुकले फायदा उठाओस् भन्नाका निम्ति यही मंसीर २६ [डिसेम्बर ११] गतेदेखि म्युनिसिपलिटी अड्डाको मातहतमा टिकटबाट सिनेमा देखाउने प्रबन्ध गराइबक्सेको छ । चाहिने रुपियाँको निकासा र देखाउने ठाउँको(?) बरबन्दोवस्त पनि भइसकेको खबर छ ।” सोही सम्पादकीयमा उल्लेख भएअनुसार, “सिनेमाघरको क्याम्पभित्र पसल थाप्न मानिसहरू तँछाडमँछाड गरेर” लागिसकेका थिए (गोरखापत्र २००६क : २) ।

यसरी पत्रिकामा सिनेमाका लागि तयारी भइसकेको उल्लेख भए पनि औपचारिक रूपमा सिनेमा सञ्चालनका लागि चाहिने कर्मचारीको आवश्यकता सम्बन्धी सूचना र कम्पाउण्डभित्र पसल सञ्चालनका लागि सूचना चाहिँ नोभेम्बर २५ को *गोरखापत्र*मा प्रकाशित भएको थियो । *गोरखापत्र*को पहिलो पानाभरि हुने गरी यी दुई सूचना प्रकाशन भएका थिए । *गोरखापत्र*को अर्को अंक (नोभेम्बर २८) मा पनि यी दुई सूचना क्रमशः १ र ४ पृष्ठमा पुन:प्रकाशन गरिएको छ ।

“जनाना गेट कीपर” देखि “टिकट सेलर” र “मेनेजर” सम्म गरी जम्मा २५ जवान कर्मचारीको खोजी गरिएको सो “सरकारी सूचना” मा भनिएको छ, “म्यूनिसिपल गोश्वाराको मातहत र रेखदेखमा जुद्धसडक सभागृहमा खुलाउने गरिबक्सेको पब्लिक सिनेमाको काम

निमित्त तपसील बमोजिमको कामदारहरूको दर्कार भएकाले यो सूचना प्रकाश गर्ने काम भएको छ ।" यी कर्मचारीको तलवमान वार्षिक मोहरु. १८० (गेट कीपर) देखि १५०० (मेनेजर) सम्मको तोकिएको थियो (गोरखापत्र २००६ख : १) । सिनेमा हलको पहिलो मेनेजरमा नरबहादुर थापा, बीए नियुक्त गरिए ।[२५] सहायक मेनेजरमा रामप्रसाद रिमालले नियुक्ति पाए (पाँडे २०७१[२०३८]) ।

*गोरखापत्र*को सम्पादकीयमा उल्लेख भए झैँ व्यापारीहरू सिनेमा हलको कम्पाउण्डभित्र पसल थाप्नका लागि प्रयत्न गरिरहेको तथ्य सो पत्रिकामा छापिएका बहालमा दिने सम्बन्धी सूचनाबाट पनि प्रस्टिन्छ । सूचनाका अनुसार "जुद्धसडक सभागृहमा पब्लिक सिनेमा खुलाइबक्सने भन्ने बुझिएकोले सो सभागृहको कम्पाउण्डभित्र चुरोट पान सुपारी(?) चिया रोटी इत्यादिको पसल राख्न पाउँ लाग्ने सलामी बुझाउँछु भन्ने समेत बेहोराको धेरैको बिन्तीपत्र दरखास्त परेको" थियो । जम्मा नौ ओटा पसल-कवल बहालमा दिनका लागि उपलब्ध थिए, र तिनमा "पानसुपारी खाने मसला चुरोट सलाई दुध चिया बिस्कुट मिठाई रोटी सोडा मिठा पानी सिरप आइस्क्रिम इत्यादि" बजार दरमा नबढाई बिक्री गर्न पाइन्थ्यो (गोरखापत्र २००६ग : १) ।

## *के-कति-कस्ता सिनेमा ?*

यसरी तयारी गरिसकेपछि "रामविवाह" नामक सिनेमाबाट काठमाडौँ सिनेमा भवनमा चलचित्रको व्यापारिक प्रदर्शन प्रारम्भ भएको माथि उल्लेख भइसक्यो । प्रेम अदिबले निर्देशन गरेको र सन् १९४९ मा निर्मित यो धार्मिक सिनेमा करिब तीन हप्ता काठमाडौँमा चलेको थियो । यसपछि "सम्राट अशोक" नामक सिनेमा प्रदर्शनी गरियो । सन् १९४७ मा निर्मित र केबी लाल निर्देशित यो चलचित्र अघिल्लोभन्दा अलि बढी दिन—करिब एक महिना—चल्यो । यद्यपि, यसपछि लगत्तै लागेको सिनेमा जेके नन्दा निर्देशित फिल्म "परवाना" दुई हप्ता मात्र चल्यो । यो सिनेमा देखाउने बेला "सेन्सर" या काँटछाँट गरिएको हल्ला चलेको थियो (गोरखापत्र २००६छ : ४) । बीचमा केही दिन बिजुली र अन्य कारण (जस्तै, मृत्युशोक[२६]) ले स्थगित भए बाहेक यो हलमा निरन्तर हिन्दी सिनेमा देखाइयो ।

स्थापनादेखि अप्रिल १९५१ (२००७ सालको अन्त्य) सम्म कम्तीमा २२ ओटा सिनेमा यो हलमा देखाइए, जसको विवरण तालिका १ मा दिइएको छ । *गोरखापत्र*मा छापिएका काठमाडौँ सिनेमा भवनका विज्ञापनबाट हिसाब गरी यो तथ्यांक निकालिएको हो । सिनेमा

[२५] *गोरखापत्र*मा छापिएका सिनेमा भवनका सूचनाहरूमा थापाको नाम मेनेजर पद सहित उल्लेख छ ।

[२६] तत्कालिक युवराज महेन्द्र शाहकी श्रीमती इन्द्रराज्यलक्ष्मीको मृत्यु भएको शोकमा सिनेमाको "कुनै शो" नभएको एक वाक्यको समाचार *गोरखापत्र* (२००७ड : १) मा छापिएको छ ।

**तालिका १ : काठमाडौँ सिनेमा भवनमा अप्रिल १९५१ अघि प्रदर्शित सिनेमा**

| क्र.स. | मिति | चलचित्र | प्रवर्ग | सिनेमा बनेको वर्ष (सन्) | निर्देशक | कलाकार | प्रदर्शित दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २००६।८।२६ | रामविवाह | धार्मिक | १९४९ | प्रेम अदिब | शोभना सामर्थ, प्रेम अदिब, उमाकान्त | २३ | |
| २ | ९।२१ | सम्राट अशोक | ऐतिहासिक/धार्मिक | १९४७ | केबी लाल | सप्रु, उल्हास, वीना, शमिम, हुस्न् बानु | ३२ | |
| ३ | १०।२३ | परवाना | ड्रामा | १९४७ | जेके नन्दा | के.एल. सैगल, सुरैया, नज्मा, के.एन. सिंह | १२ | |
| ४ | ११।५ | छोटा भाइ | सामाजिक | १९४९ | कार्तिक चट्टोपाध्याय | महेन्द्र पाल, मोलिना देवी, शाकूर, असित सेन | १७ | |
| ५ | ११।२२ | जिद्दी | ड्रामा | १९४८ | शहीद लतिफ | देव आनन्द, कामिनी कौशल, प्राण, कुल्दिप कौर | १८ | पाँचौँ उच्च* |
| ६ | १२।१० | नर्सिंह अवतार | मिथकीय | १९४९ | सोहरब मोदी | महिपाल, शोभना सामर्थ, लक्ष्मण, निराजन शर्मा | १० | अनु.** |
| ७ | १२।२० | जग विती | सामाजिक | १९४६ | एम सादिक | सुरैया, शाकिर, सादिक अलि, सुलोचना चटर्जी | १८ | अनु. |
| ८ | २००७।१।८ | रतन | सामाजिक | १९४४ | एम सादिक | करण देवान, स्वर्णलता, अमिर बानु | ११ | पहिलो उच्च/अनु. |
| ९ | १।१९ | प्यार की जीत | सामाजिक | १९४८ | ओपी दत्त | सुरैया, रेहमान, गोपे, राज मेहरा, मनोरमा | २५ | तेस्रो उच्च/अनु. |
| १० | २।१४ | अनोखा प्यार | प्रेम | १९४८ | एमआई धरम्से | दिलिप कुमार, नर्गिस, नलिनी जयवन्त | २५ | |
| ११ | २।३१ | वेकसूर | पारिवारिक ड्रामा | १९५० | के अमरनाथ | मधुवाला, अजित, याकुब, प्रमिला, गीता निजामी | १७ | |
| १२ | ३।१४ | स्वयंसिद्धा | सामाजिक | १९४९ | श्याम दास | अमरनाथ, शान्ता आप्टे, मोलिना, समर रोय | १५ | |
| १३ | ३।२८ | सुनहरे दिन | प्रेम/ड्रामा | १९४९ | सतिश निगम | राज कपूर, रेहना, निगर सुल्तान, रूप कमल | १५ | |
| १४ | ४।१६ | अहल्या | धार्मिक | १९३६? | ज्योतिश बनर्जी | | १८ | बंगाली/छोटो/अनु. |

| क्र.स. | मिति | चलचित्र | प्रवर्ग | सिनेमा बनेको वर्ष (सन्) | निर्देशक | कलाकार | प्रदर्शित दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १५ | ५।४ | आरजू | प्रेम | १९५० | शहीद लतिफ | दिलिप कुमार, कामिनी कौशल, शशिकला | १८ | |
| १६ | ५।२४ | राखी | पारिवारिक | १९४९ | शान्ति कुमार | करण देवान, कामिनी कौशल, गोपे, प्राण | २० | |
| १७ | ६।१२ | रामराज्य | धार्मिक | १९४३ | विजय भट्ट | प्रेम अदिब, शोभना सामर्थ, चन्द्रकान्त | १८ | तेस्रो उच्च/अनु. |
| १८ | ७।१० | शवनम | प्रेम | १९४९ | बी मित्रा | दिलिप कुमार, कामिनी कौशल, श्यामा | २८ | पाचौँ उच्च |
| १९ | ८।१४ | सावन आया रे | सामाजिक | १९४९ | किशोर साहू | किशोर साहू, रमोला मोहना, डेभिड, गुलाब | ३३ | अनु. |
| २० | ९।१ | माया बजार | मिथकीय | १९४९ | दत्त धर्माधिकारी | शाहु मोदाक, दुर्गा खोटे, उषा मराठे, बेबी शकुन्तला | १७ | अनु. |
| २१ | १०।१८ | भर्थरी/भतृहरि | भक्ति | १९४४ | चतुर्भुज दोषी | मुमताज शान्ति, सुरेन्द्र, सुलोचना चटर्जी, अरुण कुमार | १७ | पाचौँ उच्च/अनु |
| २२ | ११।२७ | गौना | पारिवारिक ड्रामा | १९५० | अमिय चक्रवर्ती | उषा किरन, अनूप कुमार, पूर्णिमा, एस. नाजिर | १९ | अनु. |
| *उच्च = वर्षको उच्च आम्दानी गर्ने सिनेमा; **अनु.= अनुमानित दिन | | | | | **जम्मा फिल्म देखाइएको दिन** | | **४२६** | |
| | | | | | **औसत चलेको दिन** | | **१९.५** | |

*स्रोत: लेखकले गोरखापत्रमा छापिएका सूचना र अन्य स्रोत प्रयोग गरी तयार गरेको।*

सम्बन्धी अन्य विवरण (सिनेमा रिलिज भएको मिति, निर्देशक, आदि) चाहिँ इन्टरनेटबाट खोजतलास गरेर निकालिएको हो। केही विज्ञापनमा सिनेमा शुरू हुने दिन उल्लेख भए पनि सबैमा त्यो विवरण दिइएको छैन। त्यसमाथि *गोरखापत्र* दैनिक रूपमा प्रकाशन नहुनाले, र *गोरखापत्र*का केही अंक माइक्रोफिल्ममा समेत उपलब्ध नभएकाले ठ्याक्कै दिन तोक्न सम्भव भएन, र यस्तो स्थितिमा बीचको मिति राखेर हिसाब गरिएको छ। यसले गर्दा सबै सिनेमा ठ्याक्कै यति दिन चले भन्न सकिँदैन। तथापि, उपलब्ध विवरणका आधारमा (र केहीको हकमा अनुमान गरेर) कुन सिनेमा कति दिन चले भन्ने विवरण पनि तालिकामा दिइएको छ। तालिकाबाट अध्ययन अवधिभर १० देखि ३३ दिनसम्म एउटा सिनेमा प्रदर्शन भएको देखिन्छ, र औसतमा १९.५ दिन एउटा सिनेमा काठमाडौँमा लाग्ने गरेको थाहा हुन्छ।

काठमाडौँमा चलेका सिनेमालाई तिनको कथावस्तुका आधारमा बाँडेर हेर्ने हो भने एक-तिहाई धार्मिक/ऐतिहासिक विषयवस्तुमा केन्द्रित सिनेमा देखाइएका थिए। बाँकी दुई-तिहाई सिनेमाका विषयवस्तु प्रेम, रोमान्स र अन्य सामाजिक विषय थिए; केही त रिलिज भएको वर्ष धेरै पैसा कमाएका (हिट) सिनेमा समेत थिए (हेर्नुहोस्, तालिका १)। राणा शासकहरूको सिनेमाको विषयवस्तुमा अलि बढी नै ध्यान भएको मैले माथि तर्क गरेको छु। र, उनीहरूले खासमा "उपयुक्त" अर्थात् धार्मिक र शिक्षाप्रद सिनेमा आफ्ना रैतीजनलाई देखाउन चाहेका पनि थिए। तर, राणाकालमा प्रदर्शित सिनेमाको विवरणले उनीहरूको सो ध्येय पूरा भएको देखाउँदैन। तालिकामा राखिएका प्रेम/सामाजिक प्रवर्गमा परेका सिनेमालाई *गोरखापत्र*मा छापिएका केही विज्ञापनमा सामाजिक र सकारात्मक सन्देशमूलक चलचित्र भनेर पनि प्रवर्धन गरिएको छ (यसबारे थप अर्को खण्डमा)।

काठमाडौँको सिनेमा हलमा सिनेमा देखाउँदा सँगसँगै निकट भविष्यमा देखाइने सिनेमाका "ट्रेलर" र अन्य विभिन्न छोटा डकुमेन्ट्री पनि देखाइन्थे। यस्ता डकुमेन्ट्रीमा धेरै अंग्रेजी, केही हिन्दी र एउटा नेपाली समेत थिए। "प्राइभेट लाइफ अफ सिल्क वर्म," "ओलम्पिक," "ह्याण्डिक्राफ्ट अफ इन्डिया" लगायत अन्य विदेशी (केहीका नाम नबुझिएको) डकुमेन्ट्री प्रदर्शन गरिएका थिए (हेर्नुहोस्, गोरखापत्र २००७ज : ४, २००७ञ : ४, २००७ठ : ४)। नेपाली डकुमेन्ट्री भने मोहनसम्शेरले गरेको भारत भ्रमण सम्बन्धी थियो (गोरखापत्र २००७ख : ४)। यस्ता वृत्तचित्र बाहेक सिनेमा शुरू हुनुअघि "स्लाइड" पनि देखाइन्थे। यस्ता स्लाइड विज्ञापनको रूपमा देखाइने गरेको र त्यस्तो स्लाइड शोको मूल्यसूची समेत *गोरखापत्र*मा प्रकाशित छन् (गोरखापत्र २००७ढ : ४)।

## *टिकट र कालोबजारी*

काठमाडौँ सिनेमा भवनमा सिनेमाको खेला शुरू हुँदाबखत दिनको दुई शो देखाइन्थ्यो। यो कहिले बढेर तीन शो र कहिले फेरि दुई शोमा झर्थ्यो। प्रारम्भमा पहिलो शो

१२ बजेदेखि अढाई बजेसम्म र दोस्रो शो साढे चार बजेदेखि सात बजेसम्म तोकिएको थियो। यो शो समय पनि समय-समयमा परिवर्तन भएको *गोरखापत्र*मा प्रकाशित सूचनाहरूबाट थाहा पाइन्छ।



सूचना! सूचना!! सूचना!!!

काठमाडौंमा सिनेमा (चलचित्र) यह मार्ग २६ गते देखि खुल्ने भएक खबर अघि गो.प. मा प्रकाशित भएको छ। उक्त दिनमा देखाइने ठाउँ विभिन्न टिकटको दर, देखाइने समय सहित अरू साधारण नियम सब साधारणका सूचनाका निमित्त तल दिने काम भएको छ :—

सिनेमा देखाउने ठाउँ

काठमाडौं सिनेमा भवन जुद्ध सडक (आँध सभागृह)

देखाइने समय दिउसो १२ बजे देखि २॥ बजेसम्म र संध्या ४॥ देखि ७ बजे सम्म.

विभिन्न टिकटको प्रति सीटलाई:—

| | |
|---|---|
| बक्स | ५। |
| फष्ट क्लस | २।५० |
| सेकेण्ड क्लास | १।५० |
| थर्ड क्लास | १। |
| फोर्थ क्लास | ।५० |

मङ्गलवार र शनिवारको दिउँसोको १२ बजे सो महिला वर्गको निमित्त मात्र देखाइने छ। सो वाहेक अघि पछिलाई सेकेण्ड क्लास र सो देखि माथिका दर्शक सम्मले आफ्नो जहानलाई साथमा लान देखाउन हुन्छ।

कुनकुन दिन के के खेल देखाइने हो त्यसको सूचना पछि यथा समयमा प्रकाशित हुनेछ।

सेक्रेटरी उद्योग परिषद्
सिंहदर्बार नेपाल

*तस्बिर ४ : गोरखापत्र २००६घ : १।*

सिनेमाको टिकटको शुल्कको कुरा गर्दा, प्रारम्भमा श्रेणी हेरी ५० पैसादेखि पाँच रुपियाँसम्म सिनेमाको टिकट दर तोकिएको थियो, जुन तुलनात्मक रूपमा अहिलेको भन्दा महँगो हो (हेर्नुहोस्, तस्बिर ४)। पहिलोदेखि चौथो र "बक्स" सहित पाँच श्रेणी थिए। बक्स चाहिँ राजपरिवार, राणा परिवार तथा उच्च तहका कर्मचारीका लागि मात्र थियो। राजपरिवार अथवा राणा-शासक परिवार नआउने खण्डमा मात्र उच्च तहका गैर-शाह/राणा कर्मचारीले त्यहाँ पहुँच पाउँथे।[२७] *गोरखापत्र*मा छापिएको एउटा सूचनाले "बक्स" सीटबारे थप प्रस्ट्याउँछ, "२००७ साल देखि श्री ५ सरकार र श्री ३ सरकारका ७ सिटे रायल बक्समा पनि खेल शुरू हुने। आधा घन्टासम्म पनि मौसूफहरूको सवारी हुने जनाउ

[२७] भीमबहादुर पाँडे (२०७१[२०३८] : ११०) का अनुसार नयाँ फिल्म लाग्नासाथ तत्कालीन राजा त्रिभुवन सिनेमा हेर्न पुग्थे, कुनै फिल्म छुटाउन्नथे।

नआएमा १७ भाइ राणाजी, गुरु प्रोहित र अरूमा हिराको चाँद दर्जासम्मले पुरै सिट लिएमा दिने भएको यो सूचना दिइएको छ" (गोरखापत्र २००७क : ४) ।

पहिले पाँच श्रेणी भए पनि पछिबाट "बाल्कोनी" तह समेत थपिएको थियो । सिनेमा भवन उद्‌घाटन हुनु केही दिन अघिको *गोरखापत्र*मा छापिएको सूचनाले टिकट शुल्क, श्रेणी तथा शो-समयबारे प्रस्ट पार्छ (हेर्नुहोस्, तस्बिर ४) ।

तुलनात्मक रूपमा सिनेमाको टिकटको मूल्य महँगै भए पनि कतिपय सिनेमा देखाउँदा त्यति बेलै टिकटको "कालोबजारी" (तीन गुणासम्म) र झैँ-झगडा समेत हुन्थे (गोरखापत्र २००७द : २) ।[२८] सम्भवत: भीडभाड, होहल्ला, झैँ-झगडा र कालोबजारी रोक्न सिनेमाको टिकटको अग्रिम बुकिङ समेतको व्यवस्था भएको थियो । यस्तो बुकिङ शो शुरू हुनु केही घण्टा अगाडि खुला गरिन्थ्यो । तर, अग्रिम बुकिङको व्यवस्था भए पनि त्यसले टिकटको कालोबजारीलाई छेक्न सक्दैनथ्यो । केही सिनेमाको प्रदर्शनीक्रममा गोलमाल भएको थियो; कालोबजारी गर्ने केहीलाई प्रहरीले समातेर खोरमा समेत पुऱ्याएको थियो (हेर्नुहोस्, गोरखापत्र २००७ग : १, २००७ङ : १, २००७झ : १, २००७ण : २) । एक पटक त स्वयं सिनेमा हलका कर्मचारीले टिकट लुकाएर कालोबजारी गरेको हल्ला चलेपछि गोलमाल भएको थियो । *गोरखापत्र*मा लेखिएको छ, "आज काठमाडौँ सिनेमा हलमा तेस्रा सो को बाल्कोनीको टिकट जनतालाई बिक्री नगरी ब्लाक गऱ्यो भन्ने निहुँले बडो गोलमाल भएको खबर छ" (२००७ध : ४) । कालोबजारी गरेको आरोपमा प्रहरीले स-साना उमेरका केटा समेत पक्डन्थ्यो । खास गरी सन् १९५० पछि र गैरधार्मिक सिनेमा (जस्तै, "सुनहरे दिन," "स्वयंसिद्धा," "शवनम") लाग्दा टिकटको कालोबजारी हुन्थ्यो । कालोबजारी सम्बन्धी समाचार *गोरखापत्र*मा छापिएको बेला कुन सिनेमा चलिरहेको थियो भनेर केलाउँदा यो तथ्य खुलेको हो ।

### *दर्शक को-कस्ता ?*

*गोरखापत्र*का सामग्री र अन्य द्वितीय स्रोत-सामग्रीको अध्ययनबाट नेपालको पहिलो सिनेमा घरका दर्शकबारे खासै थाहा हुँदैन । माथिल्ला श्रेणीका टिकट दर अलि महँगो भएकाले अलि हुने-खानेले मात्रै हेर्थे कि भन्न सकिएला । तर, तल्लो श्रेणीका टिकटदर "त्यतिधेरै महँगो" नभएको र खास गरी गरीब-गुरुवाले पनि सिनेमालाई मनोरञ्जनको साधन बनाएको

[२८] खास गरी सन् १९५१ को परिवर्तनपछि शहरमा अरू सिनेमा घरहरू पनि खुलेका र सम्भवत: प्रतिस्पर्धाका कारण प्रतिटिकट मूल्यमा पनि कमी आएको बुझिन्छ । यो लेखका समीक्षक प्राध्यापक त्रिरत्न मानन्धरका अनुसार सन् १९६२ सम्म काठमाडौँमा सिनेमाको शुल्क निम्न बमोजिम थियो : फोर्थ क्लास २५ पैसा, थर्ड क्लास ७० पैसा, सेकेन्ड क्लास रु. १।२०, फर्स्ट क्लास रु. १।७०, बाल्कोनी रु. २ देखि २।५० र ड्रेस-सर्कल रु. ३ ।

देखिएकाले काठमाडौँ सिनेमा भवनमा पनि कुनै वर्ग विशेषको मात्रै विशेषाधिकार थिएन।[२९] यद्यपि, महर्जन (सन् २०१० : १७१) ले सन् १९५१ सम्म “कथित अछूत” हरूलाई सिनेमा हेर्न निषेध गरिएको उल्लेख गरेका छन् । तर, उनले सो तथ्यको स्रोत खुलाएका छैनन् । पाँडे (२०७१[२०३८] : ११०) का अनुसार सिनेमा “हरेक वर्गका मानिसलाई” लोकप्रिय थियो र उपलब्ध तथ्यहरूले सिनेमा हेर्नमा जातविशेषलाई वञ्चित गरेको संकेत मिल्दैन ।

नेपालको पहिलो सिनेमा घरमा प्रारम्भदेखि नै महिला दर्शकलाई पनि सिनेमा हेर्नबाट रोक लगाइएको थिएन, तथापि केही बाधा-बन्देज अवश्य राखिएको थियो । सिनेमा घर उद्घाटन हुनुअघि २४ मंसिरको *गोरखापत्र*मा छापिएको सूचनामा भनिएको थियो, “मंगलबार र शनिवारको दिउसोको १२ बजे सो महिला वर्गको निमित्त मात्र देखाइने छ । सो बाहेक अघि पछिलाई सेकेण्ड क्लास र सोदेखि माथिका दर्शक सम्मले आफ्नो जहानलाई साथमा लान देखाउन हुन्छ” (हेर्नुहोस्, तस्बिर ४) [गोरखापत्र २००६घ : १] । यो सूचनाले महिला एक्लैलाई तोकिएको दिन बाहेक अन्य दिन सिनेमा हेर्नबाट रोक्छ । त्यस्तै, माथिल्लो श्रेणीकाले आफ्ना “जहान” लाई सिनेमा देखाउन पाए पनि तल्लो तहकालाई भने त्यो सुविधा यसले दिँदैन । पछिल्ला दिनहरूमा महिलाका लागि तोकिएका दिनमा परिवर्तन भएको र केही बेला त्यो हप्ताको एक दिनमा सीमित भएको पनि थियो ।

सिनेमाको टिकट कालोबजारीमा साना उमेरका केटाहरू पनि संलग्न भएको र पक्राउ खाएको कुरा माथि उल्लेख भइसकेको छ । सिनेमाको दर्शकमा पनि साना उमेरका केटाहरू एवं स्कूले विद्यार्थीको संख्या निकै हुन्थे । *गोरखापत्र*मा छापिएको तलको सूचना/आदेशले त्यतैतर्फ संकेत गर्दछ :

> विद्यार्थीहरूले पढ्न छली सिनेमा हेर्न आएको बेहोरा जाहेर हुँदा उद्योग परिषद्का श्री डाइरेक्टर जनरलसाहेबबाट अघिपछिको “शो” मा आफ्नै गार्जियनले नै साथमा ल्याएमा र विदाका दिनमा दिउँसोको “शो” बाहेक १६ वर्षमनिका विद्यार्थी केटाकेटीलाई सिनेमा नदेखाउने प्रबन्ध मिलाउनू भन्ने आडर बक्स भई आएकाले सोबमोजिममात्र १६ वर्षमनिका विद्यार्थी केटाकेटीलाई सिनेमा देखाइनेछ । (२००७थ : ४)

त्यस्तै, सिनेमा हलको “क्षमता” बारे पनि थाहा हुँदैन । तर, नोभेम्बर २७, १९५० को *गोरखापत्र*मा सो सिनेमा भवनको टिकट छपाइको ठेक्काका लागि एउटा सूचना छापिएको छ, जसले दर्शक संख्याबारे केही अनुमान गर्न सघाउँछ । विज्ञापनका अनुसार सिनेमालाई एक वर्षमा ४,६०,००० रंगी-विरंगी (अर्थात् विभिन्न श्रेणी छुट्ट्याउने) टिकट चाहिने रहेछ

[२९] भारतमा पनि शुरूदेखि नै तल्ला क्लासका टिकटहरूको मूल्य तुलनात्मक रूपमा सस्तै राखिएको देखिन्छ (चौधरी सन् २००१) ।

(गोरखापत्र २००७त : ४) । यदि वर्षैभरि सिनेमा देखाउने हो भने एक दिनमा १,२६० टिकट खर्च हुन्छ । यदि दिनमा तीन शो देखाउने हो भने एक शोका लागि ४२० टिकट उपलब्ध हुन्छ । र, यदि दुई शो देखाउने गरी हिसाब गरिएको भए एक शोमा ६३० जना सम्मले सिनेमा हेर्न सक्ने देखिन्छ । तसर्थ, सो सिनेमा घरको क्षमता एउटा शोमा ४०० देखि ६५० सीटसम्म भएको अनुमान लगाउन सकिन्छ ।

## *प्राविधिक र अन्य विविध पक्ष*

नेपाली सिनेमा सम्बन्धी सामग्रीहरू पढ्दा सिनेमाको प्राविधिक पक्षबारे खासै थाहा पाइँदैन । वैद्य, मानन्धर र जोशी (सन् १९९३) ले राणाहरूकहाँ १६ एमएमको प्रोजेक्टर भएको उल्लेख गरेका छन् । माथि उद्धृत देवसम्शेरको पालाको सार्वजनिक प्रदर्शनीको सूचनामा "प्रोजेक्टास्कोप" बाट सिनेमा देखाइने उल्लेख छ । तर नोवेल-स्मिथ (सन् १९९७) ले सम्पादन गरेको *अक्स्फोर्ड हिस्ट्री अफ वर्ल्ड सिनेमा* पुस्तकको अनुक्रमणिकामा यो शब्द परेको छैन । तसर्थ, यो कुनै मोडल नभई प्रक्षेप गर्ने प्रविधिको मात्र कुरा हुनुपर्छ । दीक्षित (सन् १९९६) को पुस्तकको माथि उल्लिखित उद्धरणमा सिनेमाटोग्राफको पनि उल्लेख छ । यो चाहिँ फ्रेन्च दाजुभाइ लुमिअरको मोडलको पनि नाम हो । तसर्थ, सम्भवतः नेपालमा सोही फ्रान्सेली प्रविधि भित्रिएको हुन सक्छ ।

नेपालगञ्जमा बसिरहेका राणा शान्तिसम्शेरले बेच्न खोजेको सिनेमा सम्बन्धी सूचनामा सो मेसिनको प्राविधिक पक्ष पनि उल्लेख छ । सूचना अनुसार सो मेसिन सन् १९३६–१९३७ तिरको मोडलको "पेयथी" कम्पनीको थियो (गोरखापत्र २००३च : ४) । तर यी बाहेक, न काठमाडौँ सिनेमा भवन, न अन्य राणाहरूसँग भएको मेसिन या प्रोजेक्टरबारे थप केही भेउ पाउन सकिन्छ । यद्यपि, प्रारम्भमा सिनेमा देखाउन प्रयोगमा ल्याएको मेसिन सन् १९५१ अघि नै परिवर्तन गरेर नयाँ ल्याइएको *गोरखापत्र*का सामग्रीबाट थाहा हुन्छ । सार्वजनिक सिनेमा प्रदर्शनी क्रममा विद्युत आपूर्तिका कारण समस्या आउँथे । त्यसैले, सिनेमाका लागि भनेर "डेडिकेटेड" लाइन राखिए तापनि बिजुलीकै कारण कहिलेकाहीँ सिनेमा प्रदर्शनी रोक्न पर्थ्यो ।

त्यसै गरी, काठमाडौँमा देखाउन ल्याइएका सिनेमाहरू के-कस्तो प्रक्रियाबाट आइपुग्थे, खासै भन्न सकिँदैन । प्रारम्भिक दिनमा, निजी प्रयोगका लागि ल्याइँदा कतिपय सिनेमाका रील किनिएको संकेत मिल्छ (रील काटेर बाँडेको भनेकाले) । पद्मसम्शेरको पालामा, विद्यार्थीलाई सिनेमा देखाउने बेलामा ती बढीमा एक साताका लागि मात्र उपलब्ध हुन सक्थे ।[३०] *गोरखापत्र*मा लेखिएको छ : "अहिलेसम्म भै गरिआएको प्रबन्ध र खर्चमा

[३०] भारतका वितरकबाट सिनेमा भाडामा ल्याउन र फेरि भारतै पुऱ्याउन समय लाग्ने हुनाले नेपालमा पहिले सिनेमा छोटो समयभन्दा बढी राख्न मिल्दैनथ्यो । पद्मसम्शेरको पालामा

नेपालमा सात दिनेदेखि बर्ता सिनेमाको फिल्म रहँदैन" (२००३ग : २) । पछिल्ला दिनमा पनि सम्भवत: ती निश्चित दिनका लागि भाडामा ल्याइन्थे । व्यापारिक प्रदर्शनीका लागि ल्याइने सिनेमा भाडामा ल्याउनु बाहेक अर्को उपयुक्त विकल्प हुन पनि सक्दैनथ्यो । काठमाडौँ सिनेमा भवनले सिनेमाको सहज र नियमित उपलब्धताका लागि वितरक खोज्दै एउटा सूचना निकालेको थियो । सिनेमा हलले "पर्सेन्टेज बेसिसमा हायरलि देखाउने कन्ट्राक्ट लिने डिस्ट्रिब्यूटर्स" खोजी गरेको सो सूचनाबाट थाहा पाइन्छ (गोरखापत्र २००६ज : १) ।

अर्को कुरा, शुरूआती दिनमा काठमाडौँ सिनेमा भवनमा चुरोट, बिडी, भुसा उडाउँदै सिनेमा हेर्न पाइन्थ्यो । तर धूमपानका अम्मलीले धेरै समय त्यस्तो "आनन्द" लुट्न पाएनन् । सिनेमाका एक दर्शक चिनियालालले *गोरखापत्र*मा "सम्पादकलाई चिट्ठी" लेखेर भारतका ठूला सिनेमा हलभित्र चुरोट खान निषेध गरिए झैँ यहाँ पनि निषेध गर्न अनुरोध गरे । सो चिठीमा उनले लेखेका छन् :

> सिनेमा भवनभित्र सिनेमा शुरू भएपछि झ्याल ढोका सबै बन्द हुन्छ, नयाँ हावा आउन पाउँदैन, त्यसमाथि चुरोट प्रेमीहरूका मुखबाट निस्केको धुवाँको मुस्लोले बरोबर निसासिनु पर्छ । कुनै कुनै ठूला हिन्दूस्थान तिरका सिनेमा भवनभित्र पनि चुरोटबिडी खान निषेध भए झैँ हाम्रो भर्खर जन्मेको सिनेमा भवनभित्र धुम्रपान गर्न निषेध भए दर्शकहरूलाई बलजफ्ती प्राणायाम गर्नुपर्ने थिएन कि । (चिनियालाल २००६ : २)

पाठकको गुनासो सुनेर हो वा किन हो, काठमाडौँ सिनेमा भवनमा पनि हलभित्र चुरोट-बिडी खानबाट प्रशासनले रोक लगायो । "दर्शकहरूलाई सुविधा" शीर्षकमा *गोरखापत्र*मा प्रकाशित सूचनामा भनिएको छ, "काठमाडौँ सिनेमा भवनभित्र अनेक कारणले धूम्रपान गर्न दिन मनासिव नदेखिएकाले २००६ साल माघ १ गते [जनवरी १४, १९५०] देखि धूम्रपान गर्न मनाही गरिने भएकाले सूचना दिने काम भएको छ" (गोरखापत्र २००६च : २) । यही समय भारतका विभिन्न शहरका सिनेमा हलभित्र पनि धूमपान गर्न निषेध गरिएका छोटा समाचार *गोरखापत्र*मा प्रकाशित भएका पाइन्छन् ।

## सार्वजनिक सिनेमा प्रदर्शनीको अर्थ-राजनीति

नेपालमा सिनेमाले हिँडेको बाटोबारे माथिल्ला खण्डमा चर्चा गरियो । तर, शासकहरूले आफ्नो निजी मनोरञ्जनको साधन किन रैतीसँग "शेयर" गर्नुपर्‍यो भन्ने मूल प्रश्नको जवाफ

---

सामान्यतया करिब एक हप्ता मात्र काठमाडौँमा कुनै सिनेमा रहने देखिन्छ । पछि, सिनेमाहरूको संख्या बढ्दै जाँदा र पारवहनको सुविधा (जस्तो, हवाइजहाज) मा वृद्धि हुँदा काठमाडौँमा अलि बढी दिन सिनेमा टिक्ने गरेको देखिन्छ ।

अझै प्रस्ट हुँदैन । सिनेमा सार्वजनिक पहुँचमा किन र कसरी आइपुग्यो भनेर चर्चा गर्दा सिनेमा प्रविधिमा आएको परिवर्तनलाई ध्यान दिनु जरुरी छ, जसले सिनेमालाई व्यापार र सार्वजनिक उपभोगको वस्तुमा रूपान्तरण गऱ्यो । राणाकालको उत्तरार्धमा विश्वभर सिनेमा मनोरञ्जनको प्रमुख साधन बनिसकेको थियो । सन् १९३९ मै भारतभर १,२६५ स्थायी र ५०० अस्थायी सिनेमा घर खुलिसकेका थिए (चौधरी सन् २००१) ।[३१] त्यस्तै, नेपालको सीमा जोडिएको तत्कालीन संयुक्त प्रान्तमा सन् १९५० सम्ममा २७३ ओटा सिनेमा हल खुलिसकेका थिए । तीमध्ये २१५ ओटा त भारत स्वतन्त्र भइसकेपछि मात्र स्थापना भएका थिए (गोरखापत्र २००७ट : ३) । यसले छिमेकी भारतमा सिनेमा सार्वजनिक मनोरञ्जनको वस्तु बनिसकेको देखाउँछ । त्यस बाहेक, भारतमा भइरहेको सामाजिक-राजनीतिक अवस्था र नेपालीहरूको राजनीतिक अभियानलाई परिप्रेक्ष्यमा नराखी नेपालमा सिनेमा क्षेत्रमा भइरहेको परिवर्तनलाई राम्ररी बुझ्न सकिन्न ।

नेपालको परिवर्तनलाई केलाउँदा अन्तिम दुई राणा प्रधानमन्त्री पद्मसम्शेर र मोहनसम्शेरको समयमा भएका दुई भिन्नै प्रयत्नलाई पनि अलि छुट्ट्याएर हेर्नुपर्छ । नेपालको सिनेमा सम्बन्धी "लिटरेचर" केलाउँदा त्यहाँ न पद्मसम्शेरले विद्यार्थीलाई सिनेमा देखाउन थाल्नुको कारणबारे कसैले टिप्पणी गरेको भेट्टिएको छ, न मोहनसम्शेरले व्यापारिक रूपमा सिनेमा खोल्न दिनुको कारण कसैले खोतलेको छ । अजित (२०६४ : ४०) ले "आफ्नो १०४ वर्षे शासनको अन्त्यतिर राणाहरू चलचित्रलाई सार्वजनिक प्रदर्शनीको निम्ति खुला गर्न बाध्य भए" लेखेका छन्, तर उनीहरूलाई केले बाध्य बनायो भन्ने कुरा सो लेखबाट खुल्दैन । के पद्मसम्शेर सिनेमा मार्फत आफ्नो प्रभाव विस्तार गर्न चाहन्थे ? अथवा आफ्नो उदारवादी छवि निर्माण गर्न चाहन्थे ? या उनको अभिष्ट अर्कै थियो ? अनि अनुदार मानिएका मोहनसम्शेरको चाहिँ उद्देश्य के थियो ?

पद्मसम्शेरको विद्यार्थीलाई सिनेमा हेर्न दिएको "उदारता" बारे *गोरखापत्र*मा त्रिचन्द्रका एक विद्यार्थी रामराजको लामै लेख छापिएको छ ।[३२] उनलाई विश्वास गर्ने हो भने त्यस ताकाका विद्यार्थीको एउटा ठूलै हिस्सा (उनको दाबी अनुसार सयकडा पच्चीस) नेपालबाट सिनेमा हेर्न भारत पुग्थ्यो (रामराज २००२ : ३) । यो आँकडाको सत्यतामा प्रश्न उठ्न सके पनि एउटा तथ्य के भन्न सकिन्छ भने पद्मसम्शेर शासनारूढ हुँदा सम्ममा नेपालीहरू माझ पनि सिनेमा प्रविधि/मनोरञ्जनबारे खबर पुगिसकेको थियो । त्यसैले, नेपालीहरू सिनेमा

[३१] सन् १९२० सम्ममा संयुक्त राज्य अमेरिकामा मात्र २० हजारभन्दा बढी सिनेमा घर थिए (गोमेरी सन् १९९७) ।

[३२] यी रामराज *गोरखापत्र*का तत्कालीन सम्पादक प्रेमराज शर्माका छोरा हुन सक्ने सम्भावना छ । सम्पादकका छोरा रामराज पनि पछि गएर सोही पत्रिकाका सम्पादक बने । प्रेमराजका बाबु चिरञ्जीवी समेत यो पत्रिकाका सम्पादक भएका थिए ।

हेर्नैको लागि भनेर भारततर्फ हानिन्थे, अथवा “एक पन्थ दो काज” गर्दथे । मोहनसम्शेरको पालामा त्यो झन् बढेको अनुमान गर्न सकिन्छ ।

रामराज (२००२ : ३) को लेखमा अगाडि भनिएको छ : “हिन्दुस्थानको डुलफिरले २/४ ओटा असल कुरा सिके तापनि एक दुइटा साह्रै नै बेकम्मा कुराहरू पनि सिकिन्थ्यो । त्यहाँका विभिन्न विचारधाराहरूमा बगेर अबोध छात्रहरूको यो लोक परलोक दुवै बिग्रन्थ्यो । शृंगार कलाले परि-पूर्ण पश्चिमी चलचित्रले विलासिता र शृंगार सिकाउँथ्यो । विलासी चित्रले सनातन धर्मको आदर्श गाँठोलाई खुकुलो पार्थ्यो ।” रामराजको यो लेखले पद्मसम्शेरको पालामा सिनेमा नेपालमा देखाउनका लागि जे तर्कहरू जुटाउँछ सो मोहनसम्शेरको पालामा पनि कायमै थियो । (पद्मसम्शेरको पालामा *गोरखापत्र*ले आफ्नो सम्पादकीयमा नेपालमा “जातीय भाषा” अर्थात् नेपालीमा सिनेमा तयार नभएसम्म सिनेमा हल खोल्न नहुने मत राखेको माथि उल्लेख भइसकेको छ ।) । र, उनको पालामा काठमाडौँ सिनेमा भवनको उद्घाटन हुँदै गर्दा *गोरखापत्र*ले सोबारे सम्पादकीय समेत छापेको थियो । सम्पादकीयमा उल्लिखित केही कुराले सिनेमा र त्यसले पार्न सक्ने प्रभावबारे तत्कालीन राज्यका चिन्ता-चासो प्रस्ट्याउँछन् । सम्पादकीयमा लेखिएको छ :

> सिनेमाका धेरै गुणहरू छन् । तर ... प्रयोग र उपयोग गर्न जानिएन भने त्यसबाट धेरै वेफायदा पनि हात पर्न जाने हुन्छ । यसबाट भइरहेका केही वेफायदाहरू यी हुन्— (१) सिनेमा हेर्नु पनि एउटा व्यसन जस्तो हुँदा बानी लागेपछि आफ्नो थैलो रित्तिँदै गएको पनि पर्वाह नराखी सिनेमा हेर्ने हुन्छन् । (२) धेरैजसो प्रचलित कलाकारको पात्रहरूको अभिनय र कहिलेकाहीँ अश्लील पात्रहरू पनि हेर्दा मानिसको कलिलो मनोवृत्ति दुःषित हुँदै जाने हुन्छ । (३) अशिक्षित जनतामा यसको प्रभाव नराम्रो पर्न गई दुष्कर्ममा उत्साह दिने पनि हुन सक्छ । (गोरखापत्र २००६क : २)

सिनेमाबाट हुने माथि उल्लिखित बेफाइदा पन्छाएर फाइदा उठाउन सक्नुपर्ने *गोरखापत्र*को आग्रह थियो । उसका अनुसार,

> मनोरंजनका साथसाथै शिक्षाप्रद पनि हुने सिनेमाको खाँचो हामीलाई छ । मानसिक स्तर उकास्ने र देशको कल्याण गर्ने उत्साह भर्ने सिनेमाहरूकै प्रदर्शनले मात्र हामीलाई हित गर्छ । अश्लील तथा देशको मनोवृत्ति बिगार्ने सिनेमाहरूलाई हामीले ठाउँ दिन हुँदैन । सरोकारी विभागले यसमा विचार गर्न्यैछ । जुन महान् उद्देश्यबाट श्री ३ महाराजबाट यो सिनेमाको प्रदर्शन गर्न इजाजत बक्सेको हो त्यस्तै उद्देश्यमा हामी पनि चल्न सकौं । (गोरखापत्र २००६क : २)

सिनेमाले रैतीहरूमा पार्न सक्ने (दुष्)प्रभावबारे राणा शासकहरू निकै सचेत रहेको र नेपालमा सिनेमा घर खुल्नुको एउटा कारण उनीहरूको खास खाले सिनेमामा पहुँचलाई नियमन गर्नु हो भन्ने तर्क यो लेखको प्रारम्भमा गरिएको छ। तथापि, भारतका शहरमा त्यस्ता "सेन्सर बोर्ड" गठन गरिएका समाचार *गोरखापत्र*मा छापिए पनि काठमाडौँ सिनेमा भवनमा सिनेमा देखाउनका लागि "उपयुक्त सिनेमा" चयन गर्ने, र थप "कन्टेन्ट" नियमन गर्न "सेन्सर" गर्ने निकाय या व्यक्तिबारे खासै थाहा हुन्न।[३३] *गोरखापत्र*का सम्पादकीयमा भने बराबर (कम्तीमा दुई पटक; हेर्नुहोस्, गोरखापत्र २००६क : २; २००७च : २) "उपयुक्त सिनेमा" बारे सरोकार व्यक्त गरिएको छ। सरकारले काठमाडौँपछि विराटनगरमा खोल्न स्वीकृति दिने भनेर आह्वान गरिएको सूचनामा भने सेन्सर बोर्डको प्रावधान राखिएको र सो बोर्डमा को-को हुने भन्ने पनि उल्लेख छ। सो विज्ञापनको बुँदा नम्बर ११ र १२ मा लेखिएको छ :

> ११ फिल्म सेन्सर गर्ना निमित्त बडा हाकिम, अडिटर, पुलिसको हाकिम र अपीलको हाकिम गरी ४ जनाको एक सेन्सरबोर्ड रहने।
> १२ यो सेन्सरबोर्डले पास गरेको फिल्म मात्र देखाउन पाउने। (गोरखापत्र २००७छ : ३)

*गोरखापत्र*को सम्पादकीयमा एक कदम अघि बढेर भनिएको छ : "... सच्चरित्रमा बढ्ता ध्यान दिएको सिनेमा हुनु आवश्यक छ। यस कुरामा सेन्सर बोर्डले खुबै तत्परतासँग काम गरेन र मुलुकको अधोपतनमा मात्र सहायता गर्न लाग्यो भने बोर्डका मेम्बरहरूलाई भावी सन्तानले अवश्यै पनि थुक्नेछन्" (गोरखापत्र २००७च : २)।

माथिका सामग्रीका "बिट्वीन द लाइन्स" पढ्ने हो भने केही कुरा प्रस्ट हुन्छन् : संख्यामा तलमाथि होला, तर युवा नेपालीहरू विभिन्न बहानामा भारततर्फ गइरहेका थिए।[३४] यसरी जाँदा नेपालको पैसा विदेशिइरहेको थियो र यसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने थियो। पद्म/मोहनसम्शेरको समय (सन् १९४५–१९५१) भारतीय इतिहासमा अत्यधिक महत्त्वपूर्ण समय थियो। ब्रिटिशहरूबाट स्वतन्त्रता प्राप्ति पछिको लगत्तैको समयमा भारतीय शहरी समाज सामाजिक-राजनीतिक हिसाबले निकै "भाइब्रेन्ट" थियो। अनेक खाले क्रान्तिकारी सिनेमा, राष्ट्रवादी सिनेमा र शहादत सम्बन्धी सिनेमा पनि त्यस

[३३] भारतमा सेन्सरबोर्डको इतिहास र राजनीतिबारे जान्न प्रसाद (सन् २००९ : ३–१८) र चौधरी (सन् २००१) हेर्नुहोस्। नेपालमा भने अगष्ट २७, १९५१ को नेपाल गजेटमा सूचना प्रकाशित गरी एउटा सात सदस्यीय औपचारिक फिल्म सेन्सर बोर्ड गठन गरिएको थियो (महर्जन सन् २०१०)। सम्भवत: यो नै नेपालको पहिलो औपचारिक सेन्सर बोर्ड हो।

[३४] यद्यपि नेपालबाट बाहिरफेर जान उस्तो सहज चाहिँ थिएन। राहदानी बनाएर मात्र जान पाइन्थ्यो र गौँडाहरूमा राहदानी चेकजाँच गरिन्थ्यो।

बखत बनिरहेका, प्रदर्शित भइरहेका थिए।[३५] तसर्थ, अलिकति पनि सचेत नेपालीहरू जो त्यहाँ पुग्थे, तिनलाई आन्दोलन, जागृति र आशावादिताको राप र तापले प्रभावित नपार्ने कुरै थिएन। अनि, तिनले "कस्ता खालका" सिनेमा हेर्छन्, त्यो भन्न सकिँदैनथ्यो। वैद्य, मानन्धर र जोशी (सन् १९९३) ले यस्तै परिवेशको चर्चा गरे पनि नेपालमा सिनेमा हल खोल्दा ती "क्रान्तिकारी" सिनेमामा पनि नेपालीको पहुँच पुग्ने र जनता जागरुक हुने भएकाले सिनेमा हल नखोलिएको तर्क गरेका छन्। मेरो तर्क चाहिँ त्यस्ता सिनेमामा पहुँच पुग्न नदिन नै नेपालमा सिनेमा हल खोलियो भन्ने हो।

त्यस बाहेक, अझ महत्त्वपूर्ण त, उत्तर भारतका शहरमा मजैले फैलँदो नेपाली जातीय आन्दोलन थियो, जुन राष्ट्रवादी आन्दोलन पनि थियो र राणाविरोधी आन्दोलन पनि। नेपालबाट भारतमा पुग्नेमध्ये धेरैले आफ्ना गाउँ-छिमेकका र चिने-जानेका मानिस खोज्थे, जो यी मामिलामा वाकिफ हुन सक्थे। त्यस बाहेक, राणाविरोधी आन्दोलनमा सक्रियहरू पनि नेपालबाट आउने नयाँ पाहुनालाई आफ्नो विचारधारामा समाहित गर्न र संगठित गर्न तत्पर हुन्थे। यी सबै "फ्याक्टर" ले गर्दा सिनेमा हेर्न मात्रै भनेर भारत पुगेका नेपाली पनि अन्य विचारधाराले दीक्षित भएर र राणाविरोधी बनेर निस्कने सम्भावना दिनानुदिन बढ्दै थियो। उत्तर भारतका शहरी क्षेत्रमा आफ्नो जासूसी सञ्जाल फिँज्याएको राणा सरकारले यति कुरा नबुझ्ने थिएन।

यदि नेपालभित्रै सिनेमा देखाउने हो भने त्यसले तीन प्रकारले सत्तालाई बलियो बनाउँथ्यो। एक त, यसले पैसाको पलायनलाई रोकेर आर्थिक अवस्थालाई मजबुत तुल्याउँथ्यो। दोस्रो, यसले फिल्मको अन्तर्वस्तु नियमन गर्न सघाउँथ्यो। खास खाले "उपयुक्त" सिनेमा मात्र भित्र्याउन सकिन्थ्यो, र थप आवश्यक परेमा "सेन्सर" को कैंची पनि चलाउन सकिन्थ्यो।[३६] तेस्रो, यसले यताबाट जाने नेपालीको अर्कै विचारधारामा दीक्षित हुने र शासन-सत्ता विरोधी कित्तामा संगठित हुने सम्भावनालाई धूलिसात पार्थ्यो। यी तीनै

[३५] भारतमा सन् १९४०–१९६० को समयलाई सिनेमाको सुवर्ण युग भनिन्छ। *शारदा*मा प्रकाशित अवासको लेख (२००७ : २५२) मा पनि सात साल अघिको समयमा सिनेमाले निकै तरक्की गरेको, जनतामा जोश र जागरण रहेको तथा सो सिनेमामा प्रतिबिम्बित भएको उल्लेख छ। तत्कालीन समयका भारतीय सिनेमाका विषयवस्तु र ती बारेको विश्लेषणका लागि डिकी (सन् १९९३), वासुदेवन (सन् २०००; सन् २०१०), चौधरी (सन् २००१), जैन (सन् २००९), नीलमलार (सन् २०१३), आदि हेर्नुहोस्।

[३६] सिनेमा हलले "परवाना" नामक फिल्म सेन्सर गरेर देखाएको हल्ला चलेपछि हलका मेनेजरले सो कुरा सही नभएको र भारतबाट डिस्ट्रिब्युटर मार्फत जस्तो सिनेमा आयो त्यस्तै देखाएको स्पष्टीकरण दिनुपरेको थियो (हेर्नुहोस्, गोरखापत्र २००६छ : ४)।

फाइदाका कारण खासमा काठमाडौँमा सिनेमा हल स्थापना गरिएको थियो र सम्भ्रान्तहरूले रैती-रञ्जनाका लागि नभई शासन-सत्ता लम्ब्याउन आफ्नो विशेषाधिकार त्यागेका थिए।[३७]

मोहनसम्शेरले जेसुकै उद्देश्य लिएर व्यापारिक रूपमा सिनेमा प्रदर्शन गर्न दिए पनि सो हलमा प्रदर्शितमध्ये शुरूका दुइटा धार्मिक सिनेमा थिए। तर, छिट्टै अन्य खाले अथवा हिन्दीका "प्यार-मोहब्बत" वाला सिनेमा पनि देखाइए, जसलाई *गोरखापत्र*मा छापिएका विज्ञापनमा "सामाजिक" सिनेमा भनिएको छ। त्यस बखतका *गोरखापत्र* हेर्ने हो भने त्यस्ता सिनेमाका हिरो-हिरोइन (केएल सैगल, सुरैया, रेहमान, मनोरमा, देव आनन्द, आदि) का तस्बिर भएका पोष्टर-विज्ञापन पनि नियमितै छापिएका देखिन्छन्। ती सिनेमा सम्पादक या शासकका दृष्टिमा "अश्लील" या "देशको मनोवृत्ति बिगार्ने" खाले थिए वा थिएनन्, त्यो चाहिँ यसै भन्न सकिन्न। तर, सम्पादकलाई कतिपय त्यस्ता सिनेमा नरुचेको बुझ्न सकिन्छ। सम्पादक मात्र होइन, *गोरखापत्र*का केही पाठकलाई पनि माया-प्रेमका सिनेमा पचेको थिएन भन्ने कुरा केही पाठक पत्रबाट थाहा हुन्छ।

*गोरखापत्र*का एक पाठक "आचार्य" ले लेखेको सिनेमा सम्बन्धी एउटा चिठी "के हो हँ" शीर्षकमा छापिएपछि सोबारे लेखिएको "रेखा" को प्रतिकृया पनि *गोरखापत्र*मा छापिएको छ। मैले हेरेको माइक्रोफिल्ममा आचार्यको पत्र छापिएको *गोरखापत्र*को अंक उपलब्ध नभए पनि उनले सो पत्रमा "जोशदार तथा राजनीतिक शिक्षाप्रद शहीद लालदुपट्टा समाधि शिकारी जस्ता फिल्महरू नदेखाएकोमा अचम्म प्रकट" गरेको बुझिन्छ। त्यसको प्रत्युत्तरमा अर्को पाठक "रेखा" ले दिएको जवाफ अलि "क्रिप्टिक" छ; फिल्म शिक्षाप्रद हुने भएकाले "होश राख्नु" पर्ने तर्क त्यहाँ देखिन्छ (रेखा २००७ : २)। त्यस्तै, अर्का पाठक अमृत बहादुर श्रेष्ठको पत्रमा भनिएको छ :

> हाम्रो नेपालमा सिनेमा हल खोलेको एक वर्ष भइसक्यो। तैपनि आजसम्ममा जति फिलिमहरू देखाइयो तिनीहरूमा धेरैजसोमा खाली एउटा कुरा—Love (प्रेम) जसबाट देश सुधार, समाज सुधार, शिक्षा प्रचार आदि कुरामा मदत गर्दैन।
>
> के नेपालमा शिक्षा Education, स्वास्थ्य Health, कृषि Agriculture, फौजी Military इत्यादिको फिलिमहरू झिकाउन सकिन्न र? हाम्रो नेपाल अशिक्षित छ भनेर

[३७] मोहनसम्शेरकै पालामा नेपालमा विश्वविद्यालय स्थापना गरिन लागेको थियो। आन्तरिक राजनीतिक र बाह्य कारणहरूले गर्दा विश्वविद्यालय स्थापना आयोग नै गठन गरेर गम्भीर गृहकार्य समेत भएको थियो। तर, खास गरी भारतमा गरिएका परिवर्तन र नेपालको बदलिँदो राजनीतिक समीकरणका कारण सो विश्वविद्यालय स्थापनाको प्रयत्न तुहिएको थियो (हेर्नुहोस्, पराजुली सन् २०१४)।

> त सबैलाई थाहै छ । तैपनि शिक्षा Education फिलिमहरू देखाइन्न किन होला ? के "लभ फिलिमहरूले" मानिसलाई असल शिक्षा दिन्छ !
>
> विद्यार्थी र समाजलाई पनि यस्तो फिलिमहरूले हित गर्दैन कारण यसले उल्टा उनीहरूको दिललाई बिगारी दिन्छ । (श्रेष्ठ २००७ : २; मूलपाठमै अंग्रेजी शब्द प्रयुक्त)

माथिका पत्रबाट सरकारले "कन्टेन्ट रेगुलेट" गर्न प्रयास गरेको र त्यसमा (अ?)सफल भएको बुझ्न सकिन्छ । सरकारले धार्मिक र शिक्षाप्रद सिनेमा मात्र देखाउने आशा पूरा नभए पनि उसले अलि "क्रान्तिकारी" या "प्रगतिशील" सिनेमा नदेखाएको बुझ्न कठिन हुँदैन । प्रेम-रोमान्सवाला फिल्मबाट पनि रैतीको मनोवृत्ति बिग्रने केहीले ठानेको र खास गरी केहीको आग्रह "विशुद्ध" शैक्षिक या धार्मिक सिनेमा देखाइनुपर्ने चाहना पनि सरकारले पूरा नगरेको देखिन्छ (हेर्नुहोस्, तालिका १) । यसरी सतहबाट हेर्दा सरकारको मूल ध्येय पूरा नभएको जस्तो देखिए पनि मूलत: उसले अलि बढी राजनीतिक खालका सिनेमा रोक्न चाहेको र त्यसमा ऊ सफल भएको भन्न सकिन्छ ।

## निष्कर्ष

यो लेखले नेपालमा सिनेमाले हिँडेको बाटो उत्खनन गर्छ । देवसम्शेरको शासनकाल (सन् १९०१) देखि नै विभिन्न समय या उत्सवमा एक्का-दुक्का फिल्म हेर्न केही सामान्य नेपालीले पाए पनि सन् १९५० सम्म सिनेमा मूलत: नेपालका शासक या सम्भ्रान्त वर्गको निजी मनोरञ्जनको साधन थियो । सन् १९४५ मा आफू प्रधानमन्त्री भइसकेपछि केही समय विद्यार्थीहरूलाई आफ्नो दरबारमा रहेको सिनेमा घरमा फिल्म हेर्ने व्यवस्था पद्मसम्शेरले मिलाइदिएका थिए । उनीभन्दा अनुदार मानिएका मोहनसम्शेर शासनारूढ (सन् १९४८ मा) भएपछि नेपालमा अब व्यापारिक रूपमै सिनेमा प्रदर्शन हुन थाल्यो । र, सम्भ्रान्तहरूको मात्र पकडमा रहेको यो मनोरञ्जनको साधन रैतीहरूको पहुँचमा विस्तारै पुग्यो ।

यो परिवर्तनलाई कुनै खास शासकको लहडको रूपमा होइन कि बदलिँदो आन्तरिक र विश्व राजनीतिक-सामाजिक-आर्थिक परिवेशको सन्दर्भमा बुझ्न जरुरी हुन्छ । सिनेमा-प्रविधिमा भएको प्रगतिले गर्दा छोटो समयमै विश्वभर सिनेमा प्रमुख मनोरञ्जन (सँगै व्यापार) को साधन बन्यो । सिनेमाको चामत्कारिकताबारे सुनेका र चस्का परेका नेपाली युवा आफ्नो सरहदभित्र सोको रसस्वादन गर्न नपाउँदा "हुलका हुल" बाँधेर सिनेमा हेर्न भारत जान थाले । यसले एक त नेपालको पैसा विदेशिने र अर्को, त्यहाँ "सबै खाले" सिनेमा हेर्ने र "अरू नै केही" विचारधारामा दीक्षित हुने या मतिभ्रष्ट हुने र राणा-विरोधी संगठनात्मक गतिविधिमा संलग्न हुने सम्भावना समेत भएकाले त्यसलाई रोक्न काठमाडौंमै "धार्मिक एवं शिक्षाप्रद" सिनेमा देखाउन थालिए । त्यसैले, मनोरञ्जन उद्योगको विस्तार

सँगसँगै छिमेकी भारतमा आएका सामाजिक-राजनीतिक परिवर्तन, एवं नेपालको आन्तरिक राजनीतिक परिघटना नेपालमा सिनेमा सार्वजनिक पहुँचमा पुग्नका लागि जिम्मेवार छन् ।

सिनेमाको अन्तर्वस्तु र त्यसको उपयोग एवं दुरुपयोगबारे शासकहरू सचेत थिए र सोही अनुरूप नेपालमा सिनेमा सोचीविचारी स्थापना गरिएको हो । तथापि, काठमाडौँ सिनेमा घरमा देखाइएको सिनेमाको सूचीले धार्मिक-शैक्षिक सिनेमा मात्र प्रदर्शन गरिएको देखिँदैन; प्यार-मोहब्बतवाला (राम्रो अर्थमा सामाजिक पनि भनिने) सिनेमाले पनि उत्तिकै ठाउँ पाएको देखिन्छ । यस्ता सिनेमा सार्वजनिक प्रदर्शनीका लागि शासकले खासै नरुचाए पनि ती उस्तो "क्रान्तिकारी" नभएका र सम्भवत: अरू उपाय नभएकाले ती (सिनेमा) ग्राह्य भए । लगत्तै, सन् १९५१ मा, राजनीतिक परिवर्तन भयो, जसले गर्दा निजी लगानीकर्ताहरूले व्यवसायको रूपमा सिनेमालाई लिए र यसको विस्तार मुलुकभर भयो ।

## धन्यवाद

यो लेखको प्रारम्भिक र छोटो स्वरूप *कान्तिपुर कोसेली*मा प्रकाशित छ । त्यसको विस्तृत स्वरूप मार्टिन चौतारीको वार्षिक सम्मेलन (अप्रिल २२–२३, २०१८) मा र फिल्म समीक्षक समाजले आयोजना गरेको छलफल कार्यक्रम (अक्टोबर ४, २०१८) मा प्रस्तुत गरिएको थियो । ती सम्मेलनमा टिप्पणी गर्ने सहभागीहरू र खास गरी यो लेखका बाह्य समीक्षकत्रय प्राध्यापक त्रिरत्न मानन्धर, आभास भण्डारी र शिव रिजाललाई धन्यवाद दिन चाहन्छु । यो लेखका मस्यौदा पढी सुधारका लागि सल्लाह, सुझाव दिने प्रत्यूष वन्त, अभिलेखलाई व्यवस्थित गर्न सहयोग गर्ने मार्टिन चौतारीका किशोर प्रधान र *समाज अध्ययन*को सम्पादन समूहका साथीहरूप्रति पनि आभारी छु । लेखमा बाँकी भएका कमीकमजोरी मेरै हुन् ।

## सन्दर्भ सामग्री

अजित, अनुभव । २०६४ । नेपाली चलचित्रको आरम्भ । *मिडिया अध्ययन* २ : ३५–७३ ।
अर्याल, दीपक । २०७० । गोर्खापत्रमा सिनेमा । *हिमाल खबरपत्रिका,* वैशाख २२, पृ. १६ ।
अवास, अहमद । २००७ । समाज र सिनेमा । *शारदा* १६(८) : २५२–२५४ ।
गोरखापत्र । १९९३ । मोफसल । चैत २०, पृ. ४ ।
गोरखापत्र । २००३क । सिनेमा र विद्यार्थी वर्ग । साउन १, पृ. २ ।
गोरखापत्र । २००३ख । सिनेमा र संस्कृतका विद्यार्थी । साउन ८, पृ. २ ।
गोरखापत्र । २००३ग । सिनेमा । साउन १८, पृ. २ ।
गोरखापत्र । २००३घ । जय जय कार गर्ने आशा । साउन २९, पृ. ३ ।
गोरखापत्र । २००३ङ । उन्नतिको मार्गमा सम्पादकलाई चिठ्ठी । भदौ २५, पृ. २ ।
गोरखापत्र । २००३च । पेयथी सिनेमाको मेसिन बिकाउ छ (विज्ञापन) । चैत १, पृ. ४ ।

गोरखापत्र । २००६क । सिनेमा (सम्पादकीय) । मंसिर १, पृ. २ ।
गोरखापत्र । २००६ख । सरकारी सूचना : सूचना! सूचना!! सूचना!!! । मंसिर १०, पृ. १ ।
गोरखापत्र । २००६ग । सूचना! सूचना!! सूचना!!! मंसिर १०, पृ. १ ।
गोरखापत्र । २००६घ । सूचना! सूचना!! सूचना!!! मंसिर २४, पृ. १ ।
गोरखापत्र । २००६ङ । काठमाडौँमा सिनेमा उद्घाटन । मंसिर २७, पृ. १ ।
गोरखापत्र । २००६च । दर्शकहरूलाई सुविधा । पुस २१, पृ. २ ।
गोरखापत्र । २००६छ । काठमाडौँ सिनेमा भवनको सूचना । माघ २८, पृ. ४ ।
गोरखापत्र । २००६ज । सूचना । चैत १८, पृ. १ ।
गोरखापत्र । २००७क । काठमाडौँ सिनेमा भवनको सूचना । वैशाख ५, पृ. ४ ।
गोरखापत्र । २००७ख । प्यार की जीतको चौथो र आखिरी हप्ता । जेठ ११, पृ. ४ ।
गोरखापत्र । २००७ग । कालो बजार : सिनेमा टिकटमा । असार १६, पृ. १ ।
गोरखापत्र । २००७घ । सूचना : सर्वत्र सिनेमाको अधिकार । असार २१, पृ. १ ।
गोरखापत्र । २००७ङ । सिनेमा टिकटमा कालोबजार । असार २३, पृ. १ ।
गोरखापत्र । २००७च । सम्पादकीय : सर्वत्र सिनेमाको अधिकार ! असार २३, पृ. २ ।
गोरखापत्र । २००७छ । सूचना : सर्वत्र सिनेमाको अधिकार । असार २३, पृ. ३ ।
गोरखापत्र । २००७ज । काठमाडौँ सिनेमा भवनको सूचना । असार २३, पृ. ४ ।
गोरखापत्र । २००७झ । सिनेमाको टिकटमा कालो बजार । साउन ६, पृ. १ ।
गोरखापत्र । २००७ञ । काठमाडौँ सिनेमा भवनको सूचना । साउन १३, पृ. ४ ।
गोरखापत्र । २००७ट । सिनेमा खोल्नामा प्रतिबन्ध । साउन ३२, पृ. ३ ।
गोरखापत्र । २००७ठ । "आरजू फिल्म" का. सि. भवनमा । भदौ १४, पृ. ४ ।
गोरखापत्र । २००७ड । शोकमा सिनेमा बन्द । भदौ २१, पृ. १ ।
गोरखापत्र । २००७ढ । काठमाडौँ सिनेमा भवनको सूचना । असोज ११, पृ. ४ ।
गोरखापत्र । २००७ण । सिनेमा र टिकेट (सम्पादकीय) । कात्तिक १८, पृ. २ ।
गोरखापत्र । २००७त । सूचना : सिनेमा टिकटको ठेक्का । मंसिर १२, पृ. ४ ।
गोरखापत्र । २००७थ । सूचना । मंसिर १९, पृ. ४ ।
गोरखापत्र । २००७द । सम्पादकीय : सिनेमाको टिकट । पुस २८, पृ. २ ।
गोरखापत्र । २००७ध । सिनेमा टिकटमा गडबडी । चैत २७, पृ. ४ ।
गोर्खापत्र । १९५८ । टुडिखेल मा तमाशा । जेष्ठ बदी ३ (वैशाख २४) ।
चिनियालाल । २००६ । सिनेमा भवनभित्र धूम्रपान । *गोरखापत्र*, पुस ५, पृ. २ ।
चौलागाईं, यमप्रसाद । २०७३ । चलचित्रको विश्व इतिहास र नेपाली चलचित्र मुख्य कालखण्ड : एक विश्लेषणात्मक अध्ययन । *प्रज्ञा* ११३ : ६१–६६ ।

जबरा, पुरुषोत्तमसम्शेर । २०६२ । *श्री ३ हरूको तथ्य वृत्तान्त* । भाग २ । काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

जोशी, प्रयागराज । २०४५ । नेपालमा चलचित्र निर्माण एवं प्रदर्शन । *नेपाल चलचित्र संघ रजत जयन्ती स्मारिका* । पृ. ३५–३९ । काठमाडौँ : नेपाल चलचित्र संघ ।

दीक्षित, कमल । सन् १९९६ । "बङ्गाली भन्ने अंग्रेजी अखवारमा लेखियाको" । *चार कन्था* । पृ. ७४–८१ । ललितपुर : जगदम्बा प्रकाशन ।

दीक्षित, कमल । २०३८ । *जंगबहादुरको बेलायत यात्रा* । ललितपुर : साझा प्रकाशन ।

दीक्षित, भरतमणि । २०७१ । *कति सम्झूँ कति बिर्सूं* । काठमाडौँ : विजयमणि आ.दी. ।

दीक्षित, मदनमणि । सन् १९९९ । *आनन्दमय आकाश* । काठमाडौँ : ज्ञानगुनका कुरा ।

पराजुली, लोकरञ्जन । २०७४ । नेपालमा सिनेमा । *कान्तिपुर* (कोसेली), कात्तिक ११, पृ. क ।

पाँडे, भीमबहादुर । २०७१[२०३८] । *त्यस बखतको नेपाल : नेपालमा प्रजातन्त्रको प्रवेश* । भाग ४ । प्रकाशक : अनुल्लेखित ।

माथेमा, दयारामभक्त । २०७३ । *अनुभव र अनुभूति : जीवनयात्राका ऐतिहासिक मोड* । काठमाडौँ : दया फाउण्डेशन ।

मैनाली, मोहन । २०६१ । नेपालमा चलचित्र । *आँखीझ्याल : टेलिभिजनमा वातावरण पत्रकारिताको दश वर्ष* । पृ. १–४ । काठमाडौँ : नेपाल वातावरण पत्रकार समूह ।

यात्री, कृष्ण शाह । २०५८ । सिनेमा हल : उहिले र अहिले । *हिमाल खबरपत्रिका* ११(८) : ६०–६१ ।

राणा, हेमन्तसम्शेर, प्रस्तुतकर्ता । २०५८ । *जनरल नरसम्शेर जंग बहादुर राणाको जीवनी (उहाँकै जुवानी)* । काठमाडौँ : रानी इश्वरी राज्यलक्ष्मी देवी राणा ।

रामराज । २००२ । श्री ३ पद्म प्रभुको उदारता । *गोरखापत्र*, पुस २५, पृ. ३ ।

रेखा । २००७ । चलचित्रद्वारा शिक्षा । *गोरखापत्र*, फागुन १९, पृ. २ ।

वन्त, प्रत्यूष । २०६१ । रेडियो नेपालभन्दा पहिलेको युगमा नेपालीको रेडियो अनुभव । *रेडियो नेपालको सामाजिक इतिहास* । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, सं., पृ. ३५–५४ । काठमाडौँ : मार्टिन चौतारी ।

शर्मा, लक्ष्मीनाथ । २०६७[२०३८] । *चलचित्रकला : सिद्धान्त, शैली र प्रवृत्ति* । ललितपुर : जगदम्बा प्रकाशन ।

शारदा । २००५क । जेष्ठ १४ गते ऐतिहासिक सिन्दूरयात्राको शुभ अवसरको दिनमा श्री ३ महाराज मोहनसम्शेर ज.व.रा.बाट बक्सेको महत्त्वपूर्ण भाषण । १४(१–२) : १–११ ।

शारदा । २००५ख । श्री ३ महाराज मोहनसम्शेर मौसूफको जन्मोत्सवको उत्सवमा बक्सेको भाषण । १४(८–९) : १५६ ।

शारदा । २००६ । गाईजात्रा (सम्पादकीय विचार) । १५(४) : ११०–१११ ।

श्रेष्ठ, अमृत बहादुर । २००७ । फिल्म (सम्पादकलाई चिट्ठी) । *गोरखापत्र*, चैत २२, पृ. २ ।

सम, बालकृष्ण । २०५४ । *मेरो कविताको आराधन* । ललितपुर : साझा प्रकाशन ।

सायमी, प्रकाश । सन् १९९६ । नेपाली चलचित्रको संक्षिप्त इतिहास । *फिल्म निर्देशन र निर्माण* । पृ. २४–४० । काठमाडौँ : प्रद्युम्न मिश्र ।

Chetwode, Penelope. 1935. Nepal, the Sequestered Kingdom. *The National Geographic Magazine.* March, pp. 328–352.

Chowdhry, Prem. 2001. *Colonial India and the Making of Empire Cinema: Image, Ideology and Identity.* New Delhi: Vistaar Publications.

Davis, Hassoldt. 1959. *Nepal, Land of Mystery.* London: Robert Hale Ltd.

Dickey, Sara. 1993. *Cinema and the Urban Poor in South India*. Cambridge: Cambridge University Press.

Gomery, Douglas. 1997. The Rise of Hollywood. In *The Oxford History of World Cinema: The Definitive History of Cinema Worldwide*. Geoffrey Nowell-Smith, ed., pp. 43–70. New York: Oxford University Press.

Hutchinson, Pamela. 2013. The Birth of India's Film Industry: How the Movies Came to Mumbai. Available at www.theguardian.com/film/2013/jul/25/birth-indias-film-industry-movies-mumbai; accessed December 12, 2017.

Jain, Manju, ed. 2009. *Narratives of Indian Cinema*. Delhi: Primus Books.

Karki, Chetan. 2002. Nepali Film Industry: Growth and Development. In *Sight, Sound and Pulse.* P. Kharel, ed., pp. 77–126. Kathmandu: Nepal Press Institute.

Liechty, Mark. 1997. Selective Exclusion: Foreigners, Foreign Goods, and Foreignness in Modern Nepali History. *Studies in Nepali History and Society* 2(1): 5–68.

Lietchy, Mark. 2008. The Social Practice of Cinema and Video Viewing in Kathmandu. *Studies in Nepali History and Society* 3(1): 87–126.

Maharjan, Harsha Man. 2010. Machinery of State Control: History of Cinema Censor Board in Nepal. *Bodhi* 4(1): 168–190.

Mikesell, Stephen and Jamuna Shrestha. 1990. Mercantilism and Domestic Industry in West Central Nepal: Significance for Anthropological Study of the Community. *Occasional Papers in Sociology and Anthropology* 2: 77–89.

Neelamalar, M. 2013. *Nationalism and National Integration in Tamil Films (1920–2009).* New Delhi: Radha Publications.

Nowell-Smith, Geoffrey, ed. 1997. *The Oxford History of World Cinema: The Definitive History of Cinema Worldwide.* New York: Oxford University Press.

Onta, Pratyoush. 1997 Activities in a "Fossil State": Balkrishna Sama and the Improvisation of Nepali Identity. *Studies in Nepali History and Society* 2(1): 69–102.

Onta, Pratyoush. 1998. A Suggestive History of the First Century of Photographic Consumption in Kathmandu. *Studies in Nepali History and Society* 3(1): 181–212.

Parajuli, Lokranjan. 2012. From Controlling Access to Controlling Minds: Experiments in Educationin the Late Rana Nepal. *Studies in Nepali History and Society* 17(2): 297–331.

Parajuli, Lokranjan. 2014. "A University for the Nation's Survival?": A Story of the Failed Attempt to Establish a University in Nepal. Paper presented at the Annual Kathmandu Conference on Nepal and the Himalaya, July 23, Kathmandu.

Parajuli, Lokranjan. 2016. Gender, Marx and the Circulation of Ideas in the Late Rana Nepal. Paper presented at the Annual Kathmandu Conference on Nepal and the Himalaya, July 27–29, Kathmandu.

Pearson, Roberta. 1996. Early Cinema. In *The Oxford History of World Cinema: The Definitive History of Cinema Worldwide*. Geoffrey Nowell-Smith, ed., pp. 13–23. New York: Oxford University Press.

Prasad, M. Madhava. 2009. The Natives are Looking: Cinema and Censorship in Colonial India. In *Narratives of Indian Cinema*. Manju Jain, ed., pp. 1–17. Delhi: Primus Books.

Rajadhyaksha, Ashish. 1997. Indian Cinema: Origins to Independence. In *The Oxford History of World Cinema: The Definitive History of Cinema Worldwide*. Geoffrey Nowell-Smith, ed., pp. 398–408. New York: Oxford University Press.

Rana, Pramod Shumshere. 2000. *Rana Nepal: An Insider's View*. Kathmandu: R.S. Rana.

Shrestha, Bimala. 1997. *Social Life in Nepal: 1885–1950*. Biratnagar: Vani Publications.

Tiwari, Shankar, ed. 2018. *From India's Freedom to Nepal's Democracy: Memoirs of DB Parihar*. Kathmandu: Public Policy Pathshala.

Vaidya, Tulasi Ram, Tri Ratna Manandhar and Shankar Lal Joshi. 1993. *Social History of Nepal*. New Delhi: Anmol Publications.

Vasudevan, Ravi S., ed. 2000. *Making Meaning in Indian Cinema.* New York: Oxford University Press.

Vasudevan, Ravi. 2010. *The Melodramatic Public: Film Form and Spectatorship in Indian Cinema*. Ranikhet: Permanent Black.

Whelpton, John. 2016[1983]. *Jang Bahadur in Europe: The First Nepalese Mission to the West*. Kathmandu: Mandala Book Point.

## लेखक परिचय

**लोकरञ्जन पराजुली** ऐतिहासिक समाजशास्त्री हुन्। उनको (सह-)सम्पादनमा आधा दर्जन पुस्तक प्रकाशित छन्। उनले शिक्षा, सार्वजनिक वृत्त, पुस्तकालय, राजनीति, नागरिक समाज, मिडिया आदिबारे लेखेका छन्। उनी *समाज अध्ययन*का साथै *स्टडिज इन नेपाली हिस्ट्री एन्ड सोसाइटी*को सम्पादन समूहका सदस्य हुन्। ईमेल : rameshparajuli@gmail.com